# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २७७ | काठमाडौं | शनिबार, १९ माघ २०८१ | Prabhab National Daily | Saturday, February 01, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# प्रतिपक्ष तीनतिर फर्कंदा सदनमा कमजोर 'पर्फमेन्स'



जनताको घरको ढोका खुल्नुलाई हामीले स्वागत गरेको छ । ढोका त खुल्यो । तर पिँढीमा मात्र बस भन्ने भान हामीलाई भयो । यसलाई हामी सुसंस्कृत राजनीति गर्ने भनेर पूर्वाभ्यास पनि हामीले देखायौं । यसै स्पिरिटमा बुझिदिन हामी आग्रह गर्छौं ।

**स्वर्णिम वाग्ले**
उपसभापति, रास्वपा



संसद्लाई छलेर किन अध्यादेश ल्याएको भनेर प्रश्न गर्नुभएको छ, केही साथीहरूले । अध्यादेश ल्याउने भनेकै संसद् नचलेको बेला नै हो । संसद्मा पो हामी पक्ष विपक्षीमा छौं त । देश विकास, सुशासन र नागरिकको जीवनस्तर सुधारका लागि त पक्ष विपक्षमा हुन्छ र ? एउटै गन्तव्यका लागि हामीलाई जनताले चुनेर पठाएको हो

**केपी शर्मा ओली**
प्रधानमन्त्री



हाम्रो देशको आर्थिक अवस्था उकास्न जरूरी छ । हालै सरकारले व्यवसायिक वातावरण प्रवर्द्धन गर्न, देशभित्र र बाहिरबाट लगानीको अनुकूल वातावरण बनाउन अध्यादेशबाट केही कानुन ल्याएको छ । यसले देशको आर्थिक अवस्थामा सुधार ल्याउने मैले विश्वास गरेको छु ।

**शेरबहादुर देउवा**
सभापति, नेपाली कांग्रेस



**प्रतिनिधिसभाको शुक्रबार बसेको हिउँदे अधिवेशनको पहिलो दिन विभिन्न राजनीतिक दलका सहभागी शीर्ष नेताहरू ।** *तस्बिरः रत्न श्रेष्ठ/रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** झण्डै पाँच महिना बिदा बसेर सुरु भएको सदनमा प्रतिपक्ष दलहरूले सरकारको पछिल्लो कदमबारे जमेर प्रतिरोध गर्ने आशा गरिएको थियो । यद्यपि संख्यामा कमजोर रहेको प्रतिपक्षको प्रस्तुति पनि कमजोर देखिएको छ ।

शुक्रबार दिउँसो १ बजेबाट सुरु भएको प्रतिनिधिसभामा सुरुमै संसद्को चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूले उठेर विरोध थाले । सभामुख देवराज घिमिरेले राष्ट्रपति कार्यालयको पत्रहरू पढ्न सुरु गर्नासाथ रास्वपाका सांसदहरूले आकस्मिक समयको माग गर्दै विरोध जनाए । सभामुख घिमिरेले आकस्मिक समयको कुनै कार्यतालिका नभएको बताएपछि करिब १५ मिनेट रास्वपाका सांसदहरूले अवरोध जारी राखे । त्यसपछि पेलेरै कार्यसूची अघि बढाएपछि बहिस्कार भन्दै रास्वपा सांसदहरू हल बाहिर निस्किए ।

रास्वपाका सांसदहरूले सदन बहिस्कार गरे पनि कुनै प्रतिपक्षी दलले चासो नदिएपछि सदन निरन्तर सञ्चालन भयो । प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको प्रगति विवरण सुनाएर सकिन लाग्दा झन्डै २० मिनेटपछि रास्वपाका सांसदहरू पुनः सदनमा फर्किएर आइपुगेका थिए ।

रास्वपा सुरुमा 'जुरुक्क', पछि 'लुरुक्क' सदनमा पस्दा कच्चा खेल खेलेको भन्दै टिप्पणीसमेत सुरु भएको छ । यद्यपि रास्वपाले वेल घेराउसम्मको तयारीसमेत गरेको थियो । यी कुनै पनि विषय सफल हुन नसकेपछि रास्वपाले १५ मिनेटका लागिमात्र बाहिर गएको भन्दै सदनमा पुनः फर्किए । सदनमा आफ्नो पालोमा धारणा राख्दै रास्वपा उपसभापति स्वर्णिम वाग्लेले आफूहरूलाई सदनको ढोका खुले पनि पिँढीमै बस भन्ने व्यवहार गरेको आरोप लगाए । 'संसद् जनताको आफ्नो घर हो । यो संवाद र सहमतिको आश्रय पनि हो ।

कानुन बनाउने मन्त्रिपरिषद्लाई उत्तरदायी बनाउने थलो पनि हो,' वाग्लेले भने, 'जनताको घरको ढोका खुल्नुलाई हामीले स्वागत गरेको छ । ढोका त खुल्यो । तर पिँढीमा मात्र बस भन्ने भान हामीलाई भयो । यसलाई हामी सुसंस्कृत राजनीति गर्ने भनेर पूर्वाभ्यास पनि हामीले देखायौं । यसै स्पिरिटमा बुझिदिन हामी आग्रह गर्छौं ।'

रास्वपा विशेषगरी आफ्नो सभापतिलाई सदनमा खोजिरहेको थियो । सहकारी प्रकरणमा ८४ दिन हिरासत बसेको रास्वपा सभापति रवि लामिछानेको सांसद पद निलम्बनमा परेको छ । यद्यपि लामिछानेले शुक्रबारमात्र आफ्नो निलम्बन भएको पदलाई फुकुवा गर्न भन्दै सभामुख घिमिरेलाई भेटेका थिए । उनको मागलाई सभामुखले कुनै सुनुवाइ नगरेपछि रास्वपाले सदनमा आफ्नो सभापति खोज्दै विरोध जनाएका थिए । यद्यपि रास्वपाको यो मागमा अरु प्रतिपक्षको कुनै चासो देखिएन ।

### पछि हटे दाहाल पनि

प्रत्येक दिनजसो सरकार ढल्ने अभिव्यक्ति दिँदै आएको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले सदनमा तरंग पैदा गराउने बताइएको थियो । सदन सुरु नगरी अध्यादेश ल्याएको सरकारको नागरिकस्तरमा चौतर्फी आलोचना हुँदा प्रमुख प्रतिपक्षी दलका नेताले सदनबाट सशक्त विरोध गर्ने आशा गरिएको थियो ।

क्रमशः पृष्ठ २ मा

# निलम्बन फुकुवा गर्न लामिछानेको निवेदन



सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा २७ बमोजिम मलाई गरिएको निवेदन कानुनसम्मत छैन, आजकै बैठकबाट निलम्बन फुकुवा गरिदिनुहोला : **रवि लामिछाने**

मैले विद्यमान कानुन, संसद् नियमावली, अभ्यासबमोजिम निलम्बनको निर्णय गरेको हुँ । कसैको दबाब, प्रभाव, पूर्वाग्रह र पक्षधरताका आधारमा होइन : **सभामुख**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आफूलाई प्रतिनिधिसभाको सांसद पदबाट गरिएको निलम्बन फुकुवा गर्न निवेदन पेस गरेका छन् । शुक्रबार बिहान राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद र कानुन व्यवसायीसहित सिंहदरबारस्थित सभामुख देवराज घिमिरेको कार्यकक्ष पुगेर लामिछानेले आफ्नो निलम्वन फुकुवा गर्न निवेदन पेस गरेका हुन् ।

'सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा २७ बमोजिम मलाई गरिएको निवेदन कानुनसम्मत छैन, आजकै बैठकबाट निलम्बन फुकुवा गरिदिनुहोला,' लामिछानेले शुक्रबार सभामुखलाई पेस गरेको निवेदनमा भनिएको छ । सहकारीको रकम अपचलन अभियोगमा लामिछानेलाई कात्तिक २ गते पक्राउ गरिएको थियो । त्यसपछि सम्पत्ति शुद्धीकरणका अभियोगसमेत लागेका उनलाई गत पुस ८ गते सभामुख घिमिरेले पदबाट निलम्बन गरेका थिए ।

भेटमा लामिछानेले आफूविरुद्ध पूर्वाग्रह राखिएको गुनासो गरेका थिए । जवाफमा सभामुख घिमिरेले त्यस्तो कुनै पूर्वाग्रह नराखिएको बताएका थिए । 'मैले विद्यमान कानुन, संसद् नियमावली, अभ्यासबमोजिम निलम्बनको निर्णय गरेको हुँ ।

क्रमशः पृष्ठ २ मा

# फेरि बढ्यो इन्धनको मूल्य

**काठमाडौं (प्रस)–** पेट्रोलियम पदार्थको भाउ फेरि बढेको छ । नेपाल आयल निगमले शुक्रबार पेट्रोल, डिजेल र मट्टितेल तथा हवाई इन्धनको मूल्य बढाएको हो । निगम सञ्चालक समितिको शुक्रबारको बैठकले मध्यरातदेखि लागू हुनेगरी पेट्रोलको बिक्री मूल्यमा प्रतिलिटर दुई रूपैयाँ तथा डिजेल र मट्टितेलको मूल्यमा प्रतिलिटर चार रूपैयाँ तथा हवाई इन्धन आन्तरिकतर्फ प्रतिलिटर छ रूपैयाँ र बाह्यतर्फ काठमाडौंका लागि प्रतिकिलोलिटर अमेरिकी डलर ४३ बढाएको हो ।

मूल्य समायोजनसँगै पहिलो वर्गका लागि पेट्रोल प्रतिलिटर १६४ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १६६ रूपैयाँ र तेस्रो वर्गका लागि

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगार एकता समितिमा पुनः पाण्डे

## सातौं साधारणसभाबाट सर्वसम्मत चुनिए १७ सदस्यीय कार्यसमिति

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिको अध्यक्षमा पुनः हरिबहादुर पाण्डे निर्वाचित भएका छन् । शुक्रबार सम्पन्न समितिको सातौं साधारणसभा तथा निर्वाचनबाट आगामी दुई वर्षका लागि पाण्डे नै दोहोरिएका हुन् ।

साधारणसभाबाट समितिमा आबद्ध २०० सदस्यको सर्वसम्मतिले १७ सदस्यीय कार्यसमिति चयन गरेको छ । समितिको चारजना उपाध्यक्षमा खड्गबहादुर केसी, हरिशचन्द्र कुँवर, सुशील केसी र मधुकर रिजाल चुनिएका छन् । यस्तै, महासचिवमा तारानाथ अर्याल, सचिवमा नरेश पुन र लक्ष्मण पौडयाल, कोषाध्यक्षमा यामबहादुर विसी र सहकोषाध्यक्षमा शालिकराम गौतम निर्वाचित भएका छन् । मोहम्मद जब्बरदिन मियाँ, विक्रम श्रेष्ठ, राजकाजी भोलन, भीष्म सिवाकोटी र दिनेशबहादुर पौडेल सदस्यमा निर्विरोध भएका छन् । बाँकी दुई जना सदस्य पछि मनोनीत गरिने जनाइएको छ ।

कार्यक्रमको उद्घाटन सत्रमा बोल्दै प्रतिनिधिसभा सदस्य तथा उद्योग तथा वाणिज्य र उपभोक्ता हित समितिका सभापति अब्दुल खानले वैदेशिक रोजगारीमा जाने श्रमिकप्रति अन्तर्घात नगर्न व्यवसायीलाई आग्रह गरे । 'विभिन्न राजनीतिक दलका शुभेच्छुक संस्था भनेका व्यवसायीलाई दलकै नेताहरूले 'भिलेन' भनिरहँदा वैदेशिक रोजगारीमा जाने कामदारले भगवान् ठानिरहेका छन् । राम्रोसँग आफ्नो कुरा राख्न नसक्ने एउटा गाउँको मान्छे रोजगारीका लागि जान्छ । उनीहरूलाई मर्का पर्ने काम नगरिदिनुहोस्,' खानले भने ।

व्यवसायीहरूले राखेका विभिन्न समस्याहरूको जवाफ दिँदै उनले गुनासो लिएर व्यवसायीहरू कहिल्यै समितिमा नआएको बताए । समस्या समाधानका लागि राजनीतिक दलहरूसँग हात जोड्दै व्यवसायी आफैं गएको तर त्यही दलले उनीहरूका समस्यालाई बेवास्ता गरिरहेको उनको भनाइ थियो । 'म कुनै व्यवसायीलाई चिन्दिनँ, व्यवसायी र श्रमिकको हित हुने प्रावधानको प्रस्ताव लिएर आउनुहोस्,' उनले भने । खानले वैदेशिक रोजगारीमा देखिएको फ्रि-भिसा फ्रि टिकट, घरेलु कामदार र सिन्डिकेटका विषयमा पनि आफ्नो धारणा राखेका थिए ।

त्यस्तै आगामी कार्यकालका लागि चयन भएका समितिका अध्यक्ष हरिबहादुर पाण्डेले व्यवसायीको हितका लागि विगतदेखि नै अहोरात्र खटेको बताए । यदि कुनै राजनीतिक दलले आफूहरूको रोजिरोटी खोस्छ भने त्यसको सशक्त प्रतिवाद गर्ने बताए । 'पार्टीको होइन व्यवसायीको झण्डा बोकेर आउनुहोस्,' उनको आग्रह थियो ।

कार्यक्रममा समितिका संस्थापक अध्यक्ष विमल ढकालले व्यवसायीलाई सम्मानित बनाउन सरकारले कुनै ध्यान नदिएको बताए । केही सीमित व्यवसायीले सिन्डिकेट लगाएर अन्य व्यवसायीलाई पाखा लगाउने चलखेल भइरहेकाले यसकाविरुद्ध एक हुन आग्रह गरे । 'अब यस वर्षबाट मलेसियाबाट कामदारको माग आउँदै छ, तर केही व्यवसायीलाई मात्र काम दिनेगरी भइरहेको सेटिङप्रति सजग रहनुहोला,' उनले अनुरोध गरे ।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### प्रतिपक्ष तीनतिर...

तर सत्तारुढ दलका सांसद योगेश भट्टराईले च्यालेञ्ज गर्दासमेत अध्यक्ष दाहालले कुनै धारणा राख्ने रुचि देखाएनन् । 'नेपालमा अध्यादेश ल्याउने सरकार केपी ओलीमात्र हैन । माननीय पुष्पकमल दाहाल सरकारमा हुँदा ७९ को चुनावअघि तीनवटा अध्यादेश आए । २ गते संसद् स्थगित गरेर १० गते अध्यादेश आएको थियो,' भट्टराईले भने । यसअघि अध्यादेशको बाढी नै ल्याएर आफ्नो पार्टी फुटाएको स्मरणसमेत भट्टराइले गरे । 'माननीय पुष्पकमल दाहाललाई अनुरोध गर्छु तपाईंबाट प्रतिस्थापन विधेयकमा संशोधन आओस् न । २०७८ मा जम्मा १६ वटा अध्यादेश आएको रहेछ । त्यतिबेला केपी ओली प्रधानमन्त्री थिएन । अध्यादेशको बाढी नै आएको थियो । अध्यादेशबाट जन्मिएको पार्टीले नै अध्यादेश ठीक छैन भन्न थाले । यो के हुन लाग्यो नेपालमा ?,' एकीकृत समाजवादीलाई इंगित गर्दै उनले भने ।

त्यसपछि माओवादी केन्द्रका अध्यक्ष दाहालले सम्बोधन गर्ने तय गरिएको थियो । तर दाहाल पछि हटे । उनको ठाउँमा माओवादी संसदीय दलका प्रमुख सचेतक हितराज पाण्डेले आफ्नो दलको तर्फबाट सम्बोधन गरे । पाण्डेको सम्बोधन यति फितलो थियो कि जुन कुरा सत्तारुढ दलमै उठिसकेको थियो । पाण्डेले अध्यादेश ल्याउने व्यवस्था संविधानमै भए पनि प्रक्रियामात्र नमिलेको भन्दै सरकारलाई सकारात्मक सहयोग रहने प्रतिक्रिया राखे ।

दाहालले आफूलाई समय तोकेको कारण धारणा नराखेको बताइएको छ । २० मिनेट तोकिएपछि दाहाल रोकिएको माओवादीका प्रमुख सचेतक पाण्डेले बताए । दाहालले अर्को बैठकमा सम्बोधन गर्ने तयारी गरेको उनको भनाइ छ । अर्को बैठक माघ २४ गते बस्ने सभामुख घिमिरेले बताए ।

#### बरु राप्रपाको टार्गेट मूल मुद्दामा

शुक्रबारको बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिंदेनले सरकारको कमजोरीमाथि सही प्रहार गरे । अध्यक्ष लिंदेनले प्रधानमन्त्री केपी शर्मा ओलीका वरिपरि भएका मान्छेहरूले अहिले पनि भ्रष्टाचार गरिरहेको आरोप लगाए । निरन्तर भइरहेको उपलब्धि सुनाएर सरकारकारे आफ्नो नग्नता प्रदर्शन गरेको उनको भनाइ थियो । 'निरन्तररूपमा हुने कामलाई देखाएर सरकारले छ महिनाको उपलब्धि सुनायो । यो सरकार नभएको भएर सिद्धबाबाको सुरुङमार्ग ब्रेक थ्रु हुने थिएन ?,' लिंदेनले भने, 'विद्युत् व्यापारका लागि बंलादेशसँग सम्झौता हुने थिएन ?'

सहकारीपीडितले अझै न्याय पाउन नसकेको उल्लेख गर्दै उनले सत्तापक्षसँग जोडिएका नेतालाई छुट दिने र अरुलाई कानुन लाग्ने अवस्था किन भयो भन्ने प्रश्न गरे । निराश जनतालाई आशा जगाउनसमेत सरकारले नसकेको उल्लेख गर्दै उनले रेमिटचान्समार्फत आएको पैसामा गर्व गर्न नहुने बताए । 'सुशासनको क्षेत्रमा वर्तमान सरकारले के गऱ्यो ? निरासा जनतालाई आशा जगाउने के काम गऱ्यो ? देशभित्र कति मान्छेका लागि रोजगारी सिर्जना र अर्थतन्त्रमा के सुधार गऱ्यो ? अहिले बैंकमा विदेशी मुद्रा सञ्चिति बढेको छ,' लिङदेनले थपे, 'यो सरकारको कारणले भएको हो ? यो हाम्रा भाइ छोरा बेचेर आएको पैसा हो । सरकारले आएको पैसा खर्च गर्न सकेको छैन भनौं । साढे छ महिनाको वर्तमान सरकारको समय निर ासाजनक छ ।'

उनले सरकारको संयन्त्रले व्यापारीलाई तर्साएर पैसा उठाइरहेकोसमेत आरोप लगाए । 'तपाईंको यो छ महिने कार्यकालमा अहिले पनि तपाईंको वरिपरिका मान्छेहरूले सरकारले नियुक्त गर्ने विभिन्न पदमा करोड-करोड अफर गरिरहेका छन्,' लिंदेनले भने, 'तपाईंले धक्कुका साथ भन्नुभयो म भ्रष्टाचार गर्दिनँ गर्न दिन्नँ भनेर । तपाईंले गर्नुहुन्छ गर्नुहुन्न थाहा छैन, तपाईंको वरिपरिकाले गरिरहेका छन् ।'

#### सतसहयात्री देउवा खुसी

सत्तारुढ दलको प्रमुख घटक नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा ओली नेतृत्वको सरकारसँग खुसी सुनिए । 'कुनै पनि सरकारको समग्र मूल्यांकन गर्न छ महिनाको समय प्रयाप्त होइन । सरकारले यो अवधिमा गरेका काम राम्रा छन् यसले भविष्यमा असल परिणाम देखिने मैले अनुभूति गरेको छु,' देउवाले भने ।

यद्यपि लोकतन्त्रमा आवश्यक राजनीतिक अधिकारको उपभोग गरिरहे पनि आर्थिक अवस्था सुदृढ हुन नसकेको देउवाले बताए । यसैका लागि अहिले अध्यादेश ल्याएको देउवाको भनाइ थियो । 'हाम्रो देशको आर्थिक अवस्था उकास्न जरूरी छ । हालै सरकारले व्यावसायिक वातावरण प्रवर्द्धन गर्न, देशभित्र र बाहिरबाट लगानीको अनुकूल वातावरण बनाउन अध्यादेशबाट केही कानुन ल्याएको छ । यसले देशको आर्थिक अवस्थामा सुधार ल्याउने मैले विश्वास गरेको छु,' देउवाले भने, 'सुशासनको सुनिश्चितता र सेवा प्रवाहमा सहजताका लागि पनि सरकारले कानुन बनाएको छ । यी कानुनहरूले देशमा सुशासन कायम गर्ने, भूमिहिन सुकुम्बासी एवं अव्यवस्थित बसोबासको समस्या समाधान गर्ने, सहकारीको क्षेत्रमा देखापरेको समस्या समाधान गर्ने छ ।'

#### ढुक्क सुनिए प्रधानमन्त्री ओली

प्रधानमन्त्री ओली प्रतिपक्षीले सरकारको काम सन्तोषजनक भएन भनेर कसैले नभनेको खुसी सुनिए । 'सरकारले सन्तोषजनक काम नगरेको भन्ने कुरै आएन । बरु स्वीटजरल्यान्डमा पैसा राखियो भन्ने खालका पशुपतिमा सुन भनेर पित्तल राखिए भनेर अरोप लगाएझैं भ्रमपूर्ण कुरा आयो । सरकारलाई त आलोचनात्मक टिप्पणी पो चाहिन्छ,' ओलीले भने ।

नेकपा एमाले र कांग्रेस मिलेर सरकार बनेपछि सरकार बचाउन विश्वासको मत लिइरहनुपर्ने बाध्यताको बान्ध्याकरण भएको दाबी गरे । 'सत्ताको नाउँमा प्वाल पारेर फुत्त अर्कै डुंगामा चलाउने र मुलुक एवं जनतालाई तिस्कार गर्दै सत्ताको पत्ता खेलिरहने विद्रुप स्थितिमा बन्ध्याकरण भएको छ,' ओलीले भने, 'संसद्बाट बारम्बार विश्वासको मत लिनुपर्ने तमासाबाट हामी मुक्त भएका छौं ।'

आफ्नो सरकार ढल्छ भनेर एउटै रटानमा गीत गाएकोप्रति इंगित गर्दै ओलीले २०८४ सम्म सरकार टसमस नहुने बताए । 'विपक्षमा रहेका साथीहरूले एउटा कुरामा आफ्नो समय व्यर्थै खेर फालेको जस्तो लागेको छ । सरकार ढल्छ, ढल्नै लाग्यो, पुस मसान्त, माघे संक्रान्ति आदि ...' ओलीले भने । बजारमा चर्चामा रहेको 'ढलेँ, ढलेँ' भन्ने गीत राजनीतिमा पनि धेरै सुनिएको उल्लेख गर्दै ओलीले थपे, 'यस्तो गायन मनोरञ्जनका मञ्चमा गाउनु राम्रो हुन्छ, राजनीतिका मञ्चमा बन्द गरे हुन्छ किनभने २०८४ सम्म सरकार टसमस गर्नेवाला छैन ।' एउटै कानुन ल्याउन छ महिना लाग्ने भएकोले यसपटक अध्यादेश ल्याएको ओलीको तर्क थियो । 'हामीले सुन्दै आएका छौं । सार्वजनिक काममा ढिलो भयो । त्यही अवस्थामा परिवर्तन ल्याउन कानुनी उल्झन फुकाउन कानुन सुधार नै पहिलो पाइला थियो । नियमित प्रक्रियाबाट एउटा कानुन पारित गरी न्यूनतम पाँच-छ महिना लागेको हामी सबै जानकार नै छौं,' ओलीले भने ।

उनले संसद्को अधिवेशन नभएको बेला तत्काल काम गर्न आवश्यक पर्दा अध्यादेश ल्याउन पाउने संवैधानिक हक रहेको पनि स्मरण गराए । 'संसद् नभएको बेला संसद्को नियमित प्रक्रियाबाट राष्ट्रिय अपेक्षा प्राप्तीमा ढिला हुने अवस्था यस्तै बेलामा त हो सरकारले अध्यादेश जारी गर्ने । हामी सबैले एउटा कुरा स्वीकार गर्न अप्ठ्यारो मान्नु हुँदैन । कतिपय अवस्थानमा संसद्लाई लाभ हानिको बन्दी बनाइन्छ र जनताको दैनान्दिन समस्या ओझेल पर्छन्,' ओलीले भने ।

देश विकास र नागरिकको सेवाका लागि पक्षविपक्षमा लाग्न नहुने ओलीको भनाइ थियो । 'संसद्लाई छलेर किन अध्यादेश ल्याएको भनेर प्रश्न गर्नुभएको छ । केही साथीहरूले । अध्यादेश ल्याउने भनेकै संसद नचलेको बेला नै हो,' ओलीले भने, 'संसद्मा पो हामी पक्षविपक्षीमा हौं त । देश विकास, सुशासन र नागरिकको जीवनस्तर सुधारका लागि लागि त पक्षविपक्षमा हुन्छ र ? एउटै गन्तव्यका लागि हामीलाई जनताले चुनेर पठाएको हो ।'

◆◆◆

### निलम्बन फुकुवा...

कसैको दबाब, प्रभाव, पूर्वाग्रह र पक्षधरताका आधारमा होइन । हिजो यस पदमा अरु कोही थियो । आज म छु । भोलि अरु कोही हुन सक्छ । तर पदमा रहँदा कानुनको परिपालना गर्नु मेरो दायित्व हो । तपाईंहरूले निवेदन दिनुभएको छ । यो छलफल र परामर्शको विषय हो,' सभामुखले भनेका थिए ।

शुक्रबार समय नभएकाले यसबारे थप छलफल हुन नसक्ने भन्दै सभामुखले भेट छोटचाएका थिए । सभापति लामिछानेले आफ्नो कुरा राखेपछि सभामुख घिमिरेले प्रश्न गरेका थिए, 'तपाईंविरुद्ध मुद्दा चलेको होइन र ?' त्यसपछि लामिछानेले आफ्ना कानुन व्यवसायीलाई स्पष्ट पार्न भनेका थिए ।

◆◆◆

### फेरि बढ्यो...

प्रतिलिटर १६७ रूपैयाँ कायम भएको छ। यस्तै डिजेल र मट्टितेल पहिलो वर्गका लागि पेट्रोल प्रतिलिटर १५७ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १५९ रूपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १६० रूपैयाँ तोकिएको छ । निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपो पहिलो वर्ग, सुर्खेत र दाङ दोस्रो तथा काठमाडौं, पोखरा र दिपायलस्थित डिपोलाई तेस्रो वर्गमा वर्गीकरण गरेको छ ।

यस्तै आन्तरिकतर्फको हवाई इन्धनको मूल्य प्रतिलिटर १३२ रूपैयाँ र अन्तर ाष्ट्रियतर्फ प्रतिकिलोलिटर एक हजार तीन अमेरिकी डलर तोकिएको छ । निगमले खाना पकाउने एलपी ग्याँसको मूल्य भने हाललाई यथावत् राखेको छ ।

इन्डियन आयल कर्पोरेसनबाट शुक्रबार प्राप्त नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा १.५९ रूपैयाँ, डिजेलमा ३.५७ रूपैयाँ तथा हवाई इनधनमा ५.७० रूपैयाँले बढेर आएकाले मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

◆◆◆

### वैदेशिक रोजगार...

व्यवसायीहरूले एउटा-एउटा दल समातेकाले राजनीतिक पार्टीको हस्तक्षेप बढेको र उनीहरू बाध्यात्मक परिस्थितिमा फस्ने गरेको भन्दै यसबाट माथि उठ्नु आवश्यक रहेको बताए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले आफ्नो कार्यकाल सकिनै लाग्दा आफूले गरेका कामको स्मरण गरेका थिए । वार्षिक १०० जना कामदार पठाउनुपर्ने प्रावधान, मागपत्र प्रमाणीकरणको विषय, संघलाई संस्थागत बनाउनका लागि आफ्नै भवन निर्माणको कामलगायतका विषय आफ्नै कार्यकालमा अघि बढेको उनले बताए । समितिका पूर्वअध्यक्ष रोहन गुरुङले तालिम केन्द्र खोल्न सात रोपनी जग्गा अनिवार्य हुनुपर्ने प्रावधान अव्यावहारिक भएको बताए । 'रोजगारीमा जानेलाई सीप सिकाएर पठाउँ भन्दा सात रोपनी जग्गा, ५०० जना अटाउने होस्टेलजस्ता विषय अनिवार्य गर्नु व्यवसायीलाई काम नदिने नियत हो,' उनले भने, 'यस विषयमा वैदेशिक रोजगार व्यवसायी संघले किन बोलेको छैन ?'

त्यस्तै विभिन्न दल सम्बद्ध वैदेशिक रोजगार व्यवसायी संघका पदाधिकारीले आफ्नो धारणा राखेका थिए । कार्यक्रममा तराई मधेस व्यवसायी समाजका अख्तर हुसेन, धौलाश्री समाजका रविन्द्र शेरचन, एमालेनिकट नेपाल प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका अध्यक्ष जनक रावल, माओवादी केन्द्रनिकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसीलगायतको उपस्थिति थियो ।

# खानेपानी क्षेत्रको समस्या समाधान गर्ने मन्त्रीको प्रतिबद्धता

**काठमाडौं (प्रस)–** खानेपानीमन्त्री प्रदीप यादवले खानेपानीको क्षेत्रमा देखिएका समस्या दीर्घकालीन रूपमा समाधान गर्न मन्त्रालय कटिबद्ध रहेको बताएका छन् ।

मन्त्रालयमा शुक्रबार काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का प्रमुख कार्यकारी अधिकृत (सिइओ) तथा केयुकेएल कर्मचारी ट्रेड युनियनसँगको छलफल तथा बैठकमा उनले भने, 'खानेपानीका क्षेत्रमा देखिएका समस्या समाधान गर्न मन्त्रालय आफ्नो क्षेत्रबाट लागिपरेको छ, आमनागरिकले सहजरूपमा खानेपानीको प्रयोग गर्न सक्नेगरी खानेपानीको व्यवस्थापन गरौं ।'

सोही क्रममा मन्त्री यादवले काठमाडौं उपत्यकामा सहजरूपमा खानेपानी वितरण, लिकेज भएका पाइपलाइन मर्मत, खानेपानीका मिटर वितरण गर्नेलगायतका कार्य छिटो छरितो गर्न आग्रह गरे । उनले भने, 'खानेपानीका लिकेज भएका पाइपलाइन चाँडो मर्मत गर्नुहोला, नागरिकले खानेपानीका मिटर नपाएको गुनासो गर्दै आएका छन्, मिटरहरूको चाँडो व्यवस्था गर्न मेरो आग्रह छ ।'

खानेपानी मन्त्रालय काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) को अभिभावक भएकाले केयुकेएललाई सहज रूपमा पानी वितरण गर्ने कार्यमा मन्त्रालयले पूर्ण साथ र सहयोग गर्दै आएको तथा आगामी दिनमा पनि सम्पूर्ण सहयोग गर्ने मन्त्री यादवको भनाइ थियो ।

काठमाडौं उपत्यकासहित देशभरिका खानेपानीका समस्या समाधानका लागि मन्त्रालयले कदम चालिरहेकोसमेत उनले बताए । यसैगरी मन्त्री यादवले प्रमुख कार्यकारी अधिकृत (सिइओ) तथा केयुकेएल कर्मचारी ट्रेड युनियनबीच आपसी मेलमिलामा रही नागरिकलाई खानेपानी पुऱ्याउने कार्यलाई निरन्तरता दिनसमेत आग्रह गरेका थिए ।

केयुकेएलका प्रमुख कार्यकारी अधिकृत अशोककुमार पौडेलले काठमाडौं उपत्यकामा खानेपानी वितरण लगायतका विभिन्न काम भइरहेका र गत असोज ११ गतेको बाढीका कारण कतिपय ठाउँका खानेपानीका मुहान बाढीले बगाएकाले समस्या उत्पन्न भएको बताए ।


**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१९

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ९७ को १२८४.९० घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

शिवशक्ति सामुदायिक वन उपभोक्ता समूह
बकैया-१, मकवानपुर

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१९

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १०२ को १२७७.४४ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा १.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

भुलभुले सामुदायिक वन उपभोक्ता समूह
बकैया-६, मकवानपुर

**साउदीमा रोजगार** कम्पनी : Nass Human Resources Company

पूर्व स्वीकृति मिति : २०८१/०४/२१ पूर्व स्वीकृति मिति : २०८१/१०/१८ LT. No. 313004 चलानी नं. ६०२२३१२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 13 | 0 | 1000 | ३६,९४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २६ र २८ गते (8th & 10th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 771/065/066

ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com

**साउदीमा रोजगार** कम्पनी : Company JUDEH AL-SABAK For Manufacturing

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ LT. No. 317912 चलानी नं. ६०२३२११२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sorter | 2 | 0 | 1200 | ४४,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |


अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २६ गते (8th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068


## आजको राशिफल




आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


शनिबार, १९ माघ, २०८१

| | |
|---|---|
| मेष | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| वृष | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| मिथुन | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| कर्कट | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| सिंह | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| कन्या | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| तुला | सुखद् समाचारले उत्साह जगाउन छ । |
| वृश्चिक | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| धनु | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| मकर | दिगो कामको जग बसाउन सकिने छ । |
| कुम्भ | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| मीन | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१९ माघ, २०८१ (०१ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३७.८६ | १३८.४६ |
| युरो | १ को | १४४.९३ | १४५.५६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.४३ | १७३.१८ |
| स्विस फ्रैन्क | १ को | १५३.६७ | १५४.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.८२ | ८७.२० |
| क्यानाडियन डलर | १ को | ९६.०३ | ९६.४५ |
| सिङ्गापुर डलर | १ को | १०२.६४ | १०३.०९ |
| जापानी येन | १० को | ८.९६ | ९.०० |
| चिनियाँ युआन | १ को | १९.०१ | १९.०९ |
| साउदी अरब रियाल | १ को | ३६.७५ | ३६.९१ |
| कतारी रियाल | १ को | ३७.८१ | ३७.९८ |
| थाई भाट | १ को | ४.१० | ४.१२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.५३ | ३७.७० |
| मलेसियन रिङेट | १ को | ३१.४९ | ३१.६२ |
| दक्षिण कोरियन वन | १०० को | ९.६३ | ९.६७ |
| स्विडिस क्रोनर | १ को | १२.५९ | १२.६५ |
| डेनिस क्रोनर | १ को | १९.४२ | १९.५१ |
| हङकङ डलर | १ को | १७.७० | १७.७८ |
| कुवेती दिनार | १ को | ४४७.६७ | ४४९.६२ |
| बहराइन दिनार | १ को | ३६५.६८ | ३६७.२७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**सेनाको फोटो प्रदर्शनी** | नेपाली सेनासम्बन्धी विगतदेखि वर्तमानसम्मका गतिविधि आमनागरिकलाई जानकारी दिने उद्देश्यले जंगी अड्डामा आयोजित बृहत् फोटो तथा हतियारलगायतका सामग्री प्रदर्शनी अवलोकन गर्दै । यही माघ १५ गतेदेखि सुरु भएको प्रदर्शनी शुक्रबार सम्पन्न भएको छ । *तस्बिर: रासस*

मुक्कुम्लुङका अभियन्ताको माग–

# विकासका अवधारणा परिवर्तन गरौं

■ प्रभाव संवाददाता



**काठमाडौं–** केही दिनयता ताप्लेजुङमा मुक्कुम्लुङ संरक्षणको विषयमा आन्दोलन चलिरहेको छ । सामाजिक सञ्जाल र सञ्चारमाध्यममा यी विषयमा बहस भइरहँदा बौद्धिक जगत तथा कलाक्षेत्रका व्यक्तिहरूले हाम्रा विकासका अवधारणा नै गलत भएको बताएका छन् । शुक्रबार मण्डला नाटकघरमा मञ्चन भइरहेको नाटक 'मुक्कुम्लुङः चोःत्–लुङ अफ याक्थुङ' को सन्दर्भमा आयोजित 'मुक्कुम्लुङ मन्थन' का वक्ताहरूले राज्यको विकासका अवधारणा परिवर्तन गर्न सुझाव दिएका छन् ।

'हामीले हाम्रो सामाजिक सांस्कृतिक पुँजीलाई समाज निर्माणमा प्रयोग गर्न सकेका छैनौं,' समाजशास्त्री डा. मीना पौडेलले भनिन्, 'नेपालको माटो, सामाजिक विविधता सुहाउँदो र समतामूलक समाज निर्माणका लागि योजना नै बन्दैन । विकासको दृष्टिकोण केवलकार, भ्युटावर बन्नु, खोलाको गिट्टी बालुवा ठेक्का लगाउनुमात्रै होइन ।'

उनले मुक्कुम्लुङको आन्दोलनलाई जातीय बिल्ला भिराएर लिम्बूहरूको पहिचान र आन्दोलनसँग मात्र जोडेर हेर्न नहुने बताइन् । 'सदियौंदेखि विभिन्न स्थानमा आदिवासी जनजाति समुदायमाथि दमन भइरहेको छ । ती सबैलाई एकत्रित गरेर आन्दोलन गर्न सकेमात्र सशक्त हुन्छ,' डा. पौडेलले भनिन्, 'यस्तो आन्दोलन अहिले हाम्रो देशमा मात्र होइन संसारभर चलिरहेको छ ।'

अर्का वक्ता तथा लेखक युग पाठकले नेपाललाई नेपाल जस्तो बनाउनेभन्दा स्वीजरल्याण्ड, सिंगापुर जस्तो बनाउनेबाट विकासको अवधारणाबाटै गलत भाष्य निर्माण भएको बताए । 'यहाँ विभिन्न मुलुकबाट परियोजनाका नाममा सके आर्थिक र नसके दार्शनिक लगानी गरेर भए पनि विकासको धारणालाई गलत ढंगबाट भाष्य निर्माण गरिएको छ,' उनले भने, 'केवलकार नबनाउँदा जंगली हुने र बनाउँदा भोलिपल्टै अमेरिकी जस्तो हुने भाष्य बनाइएको छ, यो सरासर गलत छ ।' विकासमा पर्यावरणको मुद्दा उठेकै धेरै समय नभएकाले मुक्कुम्लुङजस्ता आन्दोलन अब राज्यले दमन गर्दैमा नरोकिने बताए ।

चलचित्र निर्देशक नवीन सुब्बाले मुक्कुम्लुङ एउटा समुदायको मात्र सांस्कृतिक धरोहर नभइ सबैले संरक्षण गर्नुपर्ने आस्थाको केन्द्र रहेको बताए । लिम्बूहरूको मुन्धुममै मुक्कुम्लुङलाई शीरको रूपमा पूजिने भएकाले लिम्बू समुदायले सांस्कृतिक र पर्यावरणीय रूपमा संरक्षणका लागि आन्दोलन गरेको उनले स्पष्ट पारे । 'कुनै एक धर्म वा सम्प्रदायमा जे गरिनु हुँदैन भनेको छ । त्यही गर भनेर कसैले भन्यो भने के हुन्छ,' उनले भने, 'मुक्कुम्लुङमा अहिले भएको त्यही हो । यो आदिवासी समुदायको भूमिमाथिको अधिकारको विषय पनि भएकाले अहिले आन्दोलन चर्किनु स्वाभाविक हो ।'

उनले कलाकारहरूले कला र संस्कृतिको माध्यमबाट सामाजिक, सांस्कृतिक चेतना अभिवृद्धि र प्रतिरोधका लागि सचेत गराउनुपर्नेमा जोड दिए । कार्यक्रमको सहजीकरण सम्पदा लिम्बूले गरेकी थिइन् । कार्यक्रमको अन्त्यमा मुक्कुम्लुङ नाटकमा आधारित रहेर कविहरू सन्जित फलाना, मिथोच, सुरज राना, उत्तम तुम्सा लिम्बूलगायतका कविले कविता वाचन गरेका थिए । मण्डला नाटकघरमा 'मुक्कुम्लुङ' नाटक यही माघ ४ गतेदेखि मञ्चन भइरहेको छ ।

# क्रिप्टो करेन्सीको संगठित कारोबारी पक्राउ

**काठमाडौं (प्रस)–** केन्द्रीय अनुसन्धान ब्युरोले अभौतिक मुद्रा (क्रिप्टो करेन्सी) को संगठित कारोबारी तथा अनलाइन ठगीमा संलग्न सात जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा कैलालीको वर्दगोरिया गाउँपालिका–६ का २२ वर्षीय माइकल डंगौरा, २६ वर्षीय अनिल विश्वकर्मा, काठमाडौंको बूढानीलकण्ठ नगरपालिका–८ का २१ वर्षीय पियुस श्रेष्ठ, दोलखाको भीमेश्वर नगरपालिका–४ का १९ वर्षीय आश्विन चौलागाई र रौतहटको गौर नगरपालिका–९ का २२ वर्षीय सत्यमकुमार सहनी तथा भारतीय नागरिक २७ वर्षीय रोशन कुमार र ३६ वर्षीय मुन्ना कुमार रहेका छन् ।

प्रहरीले उनीहरूका साथबाट सुपर कम्प्युटर दुई थान, मोबाइल १३ थान, विभिन्न व्यक्तिका नाममा जारी बैंकका चेक १९ थान र नगद पाँच लाख ५० हजार रूपैयाँ बरामद गरेको छ । विभिन्न व्यक्तिहरूलाई संगठित रूपमा परिचालन गरी ठगी तथा अभौतिक मुद्राको कारोबार गरेको आरोपमा ब्युरोको टोलीले उनीहरूलाई पक्राउ गरिएको ब्युरोका प्रवक्ता सुधिरराज शाहीले शुक्रबार जानकारी दिए ।

उनीहरूले विभिन्न बैंक तथा डिजिटल वालेटका प्रयोगकर्तालाई झुक्याई बैंक तथा वालेटको आधिकारिक व्यक्ति भनी निजको ओटिपी लिएर बैंक तथा वालेटमा पहुँच पुऱ्याइ रकम ठगी गर्ने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

ठगी गरेका रकम थोरै समयमै विभिन्न व्यक्तिहरूको बैंक तथा वालेटमा ट्रान्सफर गर्ने, विभिन्न सामाजिक सञ्जालमा अनलाइन रोजगारी, घरमै बसेर धेरै कमाउन सकिने भन्ने आकर्षक विज्ञापन एवं अन्य माध्यमबाट प्रलोभनमा पारी विभिन्न वालेट खाता खोल्न लगाइ उक्त खाता आफूले प्रयोग गर्ने र त्यसबापट केही रकम दिने गरेको प्रहरीले जनाएको छ ।

# राष्ट्रियसभामा विभिन्न अध्यादेश पेस

**काठमाडौं (प्रस)–** राष्ट्रियसभामा विभिन्न अध्यादेश पेस भएका छन् । सभाको शुक्रबारदेखि प्रारम्भ भएको १७औं अधिवेशनमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' सभासमक्ष पेस गरेका छन् ।

उनले सेवाग्राहीलाई छिटोछरितो सेवा प्रवाह गर्ने, राज्यको प्रशासनिक प्रणालीलाई चुस्त बनाउनेगरी सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश ल्याइएको बताएका छन् ।

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१' निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१' र 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' सभासमक्ष पेस गरेका छन् ।

अध्यादेश पेस गर्दै उनले भने, 'बजेट तथा कार्यक्रम तर्जुमालाई व्यवस्थित गर्नका लागि बनेको आर्थिक तथा वित्तीय उत्तरदायित्व ल्याइएको छ ।'

त्यसैगरी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' सभासमक्ष पेस गरेका छन् ।

राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले पूर्वसभामुख दमननाथ ढुंगाना, संविधानसभा सदस्य रामजीप्रसाद शर्मा, संविधानसभा सदस्य अब्दुलहमिद सिद्धिकी र प्रतिनिधिसभाका पूर्वसदस्य एवं पूर्वमन्त्री प्रेमलाल (पिएल) सिंहको निधनमा शोक प्रस्ताव प्रस्तुत गरेका थिए । शोक प्रस्तावलाई सर्वसम्मतरूपमा पारित गर्दै एक मिनेट मौनधारण गरिएको थियो । राष्ट्रियसभाको अर्को बैठक भोलि माघ २० गते आइतबार १ बजेर १५ मिनेटमा बस्ने छ ।

# जग्गाधनी प्रमाणपत्र पाउने आशमा महोत्तरीका भूमिहीन

■ प्रभाव संवाददाता

**महोत्तरी–** आफ्नो जग्गा भन्ने कानुनी प्रमाण नभएका महोत्तरीका भूमिहीन अब जग्गाधनी प्रमाणपत्र पाउने आशमा छन् । जिल्लामा सरकारले गठन गरेको भूमि समस्या समाधान आयोगले काम थालिएको बताएपछि अबचाहिँ लालपुर्जा पाइने आश भूमिहीन सुकुमबासीमा जागेको हो ।

'आफ्नो भनेर पुस्तौंदेखि झुप्रोमा बसेका त छौं, तर हामीसँग लालपुर्जा छैन,' भंगाहा–४ रामनगरको दलितबस्तीका जुगल सदा मुसहर भन्छन्, 'अब गरिबलाई लालपुर्जा दिने रे भन्ने सुन्छौं, त्यसो भए हामी पनि लालपुर्जावाला हुन्थ्यौं ।' पछिल्लोपटक जिल्लामा भूमि समस्या समाधान आयोगका महोत्तरी अध्यक्ष पीताम्वर महतोले भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपत्र दिने तयारी थालिएको बताउनु भएपछि यी गरिबमा नयाँ आश जागेको हो ।

जिल्लामा यसअघि पनि कैयौंपटक यस्ता आयोग बने पनि जग्गाधनी प्रमाणपत्र नपाएका भूमिहीन यसपटक पनि हिस्स परिने हो कि भन्ने संशयमा नै छन् । जिल्ला आयोगले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपत्र दिन यसअघि प्राप्त आवेदनहरूमा जाँचबुझ थालिसकिएको जनाएको छ । 'हामीले काम थालेका छौं,' अध्यक्ष महतो भन्छन्, 'पहिलो चरणमा यसअघि प्राप्त निवेदनमा जाँचबुझ भइरहेको छ ।'

जिल्लामा यसअघि ज्ञानबहादुर गोले अध्यक्ष रहेको आयोगमा प्राप्त निवेदनहरूमाथि अहिलेको आयोगले काम थालेको उनले स्पष्ट पारे । त्यतिखेर गोले अध्यक्षताको आयोगको कार्यकालमा जिल्लामा आठ हजार २८२ अव्यवस्थित बसोबासीले भोगचलनको आधारमा जग्गाधनी प्रमाणपत्र पाउन आवेदन गरेका थिए । यसैगरी भूमिहीन सुकुम्बासीका दुई हजार २११ र भूमिहीन दलितका एक हजार ६७४ आवेदन रहेका अध्यक्ष महतोको भनाइ छ । यस्ता विभिन्न प्रकृतिका गरी १२ हजार २८२ पुराना आवेदन रहेका आयोगले जनाएको छ । आवेदन परेकामध्ये बर्दिबास–२ बुद्धचोकका १५ भूमिहीन दलित र ३८ भूमिहीन सुकुमबासी गरी ५३ परिवारले मात्र जग्गाधनी प्रमाणपत्र पाएका छन् ।

यसैबीच, २०५४ सालको आयोगले आफ्ना घर रहेको र भोगचलन रहेको जग्गा कहाँकताका मान्छेलाई जग्गाधनी प्रमाणपत्र बाँडेर आफूहरूमाथि अन्याय भएको आरोप लगाएका भंगाहा–४ थारुटोल बनराका सुकुम्बासीले पनि यसपालि न्याय पाउने आश गरेका छन् । आयोगका अध्यक्ष महतोले प्रारम्भिक चरणमा यसअघिका आवेदनमाथि काम थालेर अघि बढ्ने स्पष्ट पार्दै छुटेकाहरूको हकमा फेरि आवेदनको मौका दिइने बताएका छन् । आयोगको अहिलेको तत्परताले भूमिहीन सुकुम्बासी प्रमाणपत्र पाउने आशमा छन् ।


## युएइमा रोजगार

कम्पनी : AYOON AL TAIR TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८०/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१८ | LT. No. 301640 | चलानी नं. ६०२०६८४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1200 | ४५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 15 | 900 | ३३,९५५ | | | | | | | |
| 3 | Electrician | 10 | 0 | 1200 | ४५,२७० | | | | | | | |
| 4 | Male Cleaner | 10 | 0 | 800 | ३०,१८० | | | | | | | |
| 5 | Plumber Assistant | 5 | 0 | 1000 | ३७,७२५ | | | | | | | |
| 6 | Welder | 5 | 0 | 1200 | ४५,२७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २६ गते (8th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Aastha International Employement Pvt.ltd.
Maharajgunj, Kathmandu, Phone: 014547947, 9802358233
Govt. License No. 718/044/065

## युएइमा रोजगार

कम्पनी : Alfiras General Contracting - L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१८ | LT. No. 316089 | चलानी नं. ६०२२९८५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason Assistant | 40 | 0 | 1000 | ३७,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker/Labour | 55 | 0 | 800 | ३०,१८० | | | | | | | |
| 3 | Scafolder | 15 | 0 | 1200 | ४५,२७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: सुनसरी, इटहरी, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मिति: २०८१ माघ २६/२७/२८ गते (8/9/10 Feb. 2025) मा हुनेछ ।
सुनसरी, इटहरी, अन्जली ट्रेनिङ सेन्टरमा मिति: २०८१ माघ २६/२७/२८ गते (8/9/10 Feb. 2025) मा हुनेछ ।
सुनसरी, इनरुवा, इनरुवा मल्टिपल ट्रेनिङ सेन्टरमा मिति: २०८१ माघ २६/२७/२८ गते (8/9/10 Feb. 2025) मा हुनेछ ।
चितवन, भरतपुर, मौलाकालिका ट्रेनिङ सेन्टरमा मिति: २०८१ माघ २६/२७/२८ गते (8/9/10 Feb. 2025) मा हुनेछ ।
चितवन, भरतपुर, चितवन मल्टिपल ट्रेनिङ सेन्टरमा मिति: २०८१ माघ २६/२७/२८ गते (8/9/10 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Indigo Overseas Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## कतारमा रोजगार

कम्पनी : LITON TRADING AND DECORATION

पूर्व स्वीकृति मिति : २०८०/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१८ | LT. No. 302987 | चलानी नं. ६०२१७८२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९५,१४५ | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३८,०५५ | | | | | | | |
| 4 | Mason | 1 | 0 | 1200 | ४५,६७० | | | | | | | |
| 5 | Representative | 1 | 0 | 2200 | ८३,७२५ | | | | | | | |
| 6 | Supervisior | 1 | 0 | 2500 | ९५,१४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २६ गते (8th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9801020501
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : MODERN TAILORS COMPANY FOR SEWING WOMEN'S CLOTHES & FABRICS & SEWING ARAB MEN'S CLOTHES AND FABRICS

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | LT. No. 317920 | चलानी नं. ६०२३२१९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 1 | 140 | ६२,८९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २६ गते (8th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत न. ७९७/०६५/०६६
Saudi Nepal Recruitment Agency Pvt.Ltd.
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## युएइमा रोजगार

कम्पनी : GIS MUTAWA INSPECTION SERVICE LLC

पूर्व स्वीकृति मिति : २०८१/०४/२१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/१०/१८ | LT. No. 308413 | चलानी नं. ६०२२३१२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TECHNICAL ASSISTANT | 1 | 0 | 2200 | ८२,९९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 2500 | ९४,३१६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २६ गते (8th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com

## आन्तरिक काठ बिक्री वितरण सम्बन्धबी सूचना

सूचना प्रकाशित मिति: २०८१/१०/१९

यस जागृती सा.व.उ., दु.न.पा-१४ सिन्धुलीको आ.व. २०८१/०८२ मा डिभिजन वन कार्यालय सिन्धुलीको च.नं. १४०४ मिति २०८१/१०/१५ गतेको कटान सहमति अनुशार कटान मुछान गरी घाटगद्धीमा रहेको साल जातको गोलिया २७४३.६३ क्यू.फिट काठ दाउरा ४.५ चट्टा र असना जातको १४७.९३ क्यू फिट काट दाउरा र ०.५ चट्टा आवश्यक समूहभित्रका उपभोक्ता साथै छिमेकी समूहका उपभोक्ताहरूले १५ दिनभित्र समूहमा आई निवेदन दिनु होला ।

**श्री जागृती सामुदयिक वन उभोक्ता समूह**
**दुधौली नगरपालिका वडा नं. १४, सिन्धुली**

## आन्तरिक काठ दाउरा बिक्री वितरण सम्बन्धबी सूचना

सूचना प्रकाशित मिति: २०८१/१०/१९

यस पाटनदेवी सा.व.उ., दु.न.पा-१४ सिन्धुलीको आ.व. २०८१/०८२ मा डिभिजन वन कार्यालय सिन्धुलीको च.नं. १४०३ मिति २०८१/१०/१५ गतेको कटान सहमति अनुशार कटान मुछान गरी घाटगद्धीमा रहेको साल जातकोगोलिया ३९८६.८१ क्यू.फिट काठ दाउरा ५.०९ चट्टा आवश्यक समूहभित्रका उपभोक्ता साथै छिमेकी समूहका उपभोक्ताहरूले १५ दिनभित्र समूहमा आई निवेदन दिनु होला ।

**श्री पाटनदेवी सामुदयिक वन उभोक्ता समूह**
**दुधौली नगरपालिका वडा नं. १४, सिन्धुली**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०८/०८ मा दर्ता भएको **प्रा.लि. नं. २७७८९७/०७८/०७९** को **भुरिलो नेपाल प्रा.लि.** को मिति २०८१/१०/१५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम सूचना प्रकाशित मिति: २०८१/१०/१९

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलन भएको साल जातको गोलिया १९५६.८८ क्यू.फि. काठ र साल दाउरा २ चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

श्री काम्लेटटरी सा.व.उ.स., तिनाउ-१, पाल्पा ।

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम सूचना प्रकाशित मिति: २०८१/१०/१९

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलन भएको साल जातको गोलिया १४४६.६७ क्यू.फि. काठ र साल दाउरा १.५० चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

श्री सिद्धचुहार सा.व.उ.स., तिनाउ-१, पाल्पा ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति: २०७६/०५/१५ मा दर्ता भएको प्रा.लि.नं. २२३००२ को **दिया एक्जीम प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## वैदेशिक रोजगार विभागको सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **Varsha Manpower Pvt.Ltd.** (ई.प.नं.९५४/०६७/६८) सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (**पन्ध्र**) दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/ शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/ शेयर संख्या |
|---|---|
| १. रविन मेगाले मगर (०१-३४३७५)<br>२. सरस्वती पौडेल (३४३७६-४६७५०)<br>३. अस्मिता खनाल (४६७५१-५५०००) | १. रविन मेगाले मगर (०१-३४३७५) (३४३७६-४६७५०)<br>२. अस्मिता खनाल (४६७५१-५५०००) |

# धरान चिनाउने बूढासुब्बा गोल्डकप




संगीता राई / सुनसरी

यतिबेला धरानमा बूढासुब्बा गोल्डकपको चर्चा निक्कै भइरहेको छ । धरानलाई चिनाउने थुप्रै मिथक छन् तर खेलकुदको सहर भनेर चिनाउने एउटै मात्र प्रतियोगिता भनेको बूढासुब्बा गोल्डकप हो ।

कोशी पहाडको प्रवेशद्वार धरानलाई थुप्रै मिथक र विषयले चिनिन्छ, सौखिन, फेसनेवल र लाहुरेको सहर भनेर चिनिएको धरानलाई पछिल्लो समय खेलकुदप्रेमीको सहर भनेर चिन्न थालिएको छ । खेलकुदको सहर भनेर चिनाउने कार्यमा बूढासुब्बा अन्तर्राष्ट्रिय आमन्त्रण गोल्डकपको भूमिका महत्त्वपूर्ण रहेको छ ।

बूढासुब्बा गोल्डकप मेरो सपनाजस्तै हो पूर्वराष्ट्रिय खेलाडी साथै धरान फुटबल क्लबका मानार्थ उपाध्यक्ष तथा कोशी प्रदेश फुटबल संघका अध्यक्ष किशोर राईले भने, 'सुरुआती समयमा खेलाडी हुँदा धरानमा एउटा गोल्डकप बनाउँछु भनेर सपना बोकेर हिँडे त्यो सपना आज पूरा भएको छ ।' उनले भने, 'धरान बूढासुब्बा गोल्डकप आज एउटा प्रतिष्ठाको रूपमा उभिएको छ । २०५५ सालमा सालमा धरान फुटबल क्लबको स्थापना गरी २०५५ सालदेखि बूढासुब्बा गोल्डकपको आयोजना गरी निरन्तर सञ्चालन हुँदै आएको एकमात्र प्रतियोगिताले धरानलाई खेलकुलको सहर भनेर परिचित गराउन मुख्य भूमिका भने बूढासुब्बा गोल्डकपले खेलेको छ ।'

राईले धरानमा धरान फुटबल क्लबको स्थापना गरी अन्तर ाष्ट्रियस्तरको फुटबल बूढासुब्बा गोल्डकप प्रतियोगिता सुरु गर्न महत्त्वपूर्ण भूमिका खेलेको अनुभव सुनाउँछन् । सानै उमेरबाट फुटबल खेलप्रति रुचि राख्दै राष्ट्रिय खेलाडीको रूपमा आफ्नो 'करिअर' सुरु गरेको उनले बताए । उनले भने, 'यहाँसम्म पुग्दा सहज भने पक्कै थिएन सबैको साथ सहयोग र हौसलाले गर्दा धरान फुटबल क्लबले पहिलोपटक बूढासुब्बा गोल्डकपको आयोजना गरेको हो । उनको अनुभवले धरानमा फुटबलको विकासमा महत्त्वपूर्ण भूमिका र योगदान पुऱ्याएको छ । अध्यक्ष राईकै पहलमा २०५९ सालमा धरान उपमहानगरपालिका-१७ मा पूर्वाञ्चल एन्फा एकेडेमी टेक्निकल सेन्टरको स्थापना भएको हो । जुन एकेडेमीले अहिले सयौं खेलाडी उत्पादन गरिरहेको छ ।

उनले भने, 'बूढासुब्बा गोल्डकप सुरू भएसँगै धरानमा फुटबल र खेलप्रतिको क्रेज बढ्दै गयो । अन्य खेलको पनि महत्त्व छ तर बूढासुब्बा गोल्डकप नेपालकै पुरानो र सम्मानित फुटबल क्लबमध्ये एक मानिन्छ । बूढासुब्बा गोल्डकपले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा धरानलाई चिनाएको छ ।' बूढासुब्बा गोल्डकपले धरानलाई मात्र चिनाएन, धरानका खेलाडीसमेतलाई चिनायो । नेपालका 'ए' डिभिजन क्लबमा धरानका खेलाडीले प्राथमिकता पाए अहिले सयौं खेलाडीले फुटबल 'करिअर' बनाएको राईको अनुभव छ ।

धरान प्रकृति सौन्दर्य र संस्कृतिको विविधता भएको ठाउँको रूपमा परिचित छ । यसमा थप पहिचान दिलाउने काम भने बूढासुब्बा गोल्डकपले गरेको छ । धरान उपमहानगरपालिका-१५ का सागर घिमिरे सानै उमेरदेखि खेलाडी बन्ने सपना बोकेर चार वर्षको उमेरदेखि फुटबल खेल खेल्न सुरु गरेको सुनाउँछन् । फुटबल खेलमै आफ्नो भविष्य देखेका घिमिरे अहिले बूढासुब्बा गोल्डकपको कोचसमेत बनिस भएको छ । सानै उमेरदेखि खेलमा रुचि राख्ने उन फुटबल खेल्न सिक्नका लागि हरेक खेलकुद मैदान पुग्ने गरेको अनुभव सुनाउँछन् ।

पछिल्लो समय युवा पुस्ताका लागि फुटबल खेल मनोरञ्जनका लागि मात्र नभएर करिअर स्वास्थ्य प्रेरणा र सामाजिक सम्पर्कका लागि महत्त्वपूर्ण माध्यमको रूपमा विस्थापित भएको छ । उनले भने, 'घर परिवारमा कोही पनि खेलप्रति रुचि नराख्ने परिवारमा म मात्र हो खेलप्रति रुचि भएको, सानो उमेरमा साथीभाइले खेलेको फुटबल देख्दा आकर्षित भए यसरी नै खेलप्रतिको मेरो 'क्रेज' बढ्दै गयो ।

पूर्वखेलाडी घिमिरेले बूढासुब्बा गोल्डमै २३ पटक कोचको भूमिका निर्वाह गरिसकेको बताए । 'यसको सबै श्रेय भने बूढासुब्बा गोल्डकपलाई जान्छ,' उनले भने, 'जुन समय मलाई लाहुर बन्ने सपना नभएकोचाहिँ हैन, तर धरान फुटबल क्लबबाट फुटबल खेल्न सुरु गरे त्यसपछि लाहुर बन्ने सपना छोडेर खेलाडी भन्ने सोचले अगाडि बढ्न थाले अहिले ताइवान, भुटान, चीनलगायतका देशमा भाग लिई फुटबल लिगहरू खेलिसकेको छु ।'

यस खेलले सफल खेलाडीलाई राम्रो आर्थिक लाभ प्रसिद्ध र अवसर पनि रहेकाले फुटबल खेललाई पेसाको रूपमा अपनाउन सकिने भएको कारण पनि पछिल्लो पुस्ताका युवाहरू खेलमा बढी आकर्षित हुँदै गएको उनको भनाइ छ । फुटबल खेलले विशेष गरेर शारीरिक रूपमा स्वास्थ्य रहनका साथै यस खेलले सहनशीलता, शक्ति गतिशीलता र मानसिक रूपमा पनि तन्दुरुस्त बनाउन ठूलो भूमिका खेलिरहेको उनले बताए ।

बूढासुब्बा गोल्डकप प्रतियोगिताले ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेको छ । धरान फुटबल क्लबका अध्यक्ष प्रताप तामाङले भने, 'यो खेलको नाम बूढासुब्बा मन्दिरसँग जोडिएको छ । जुन धरानको ऐतिहासिक धार्मिकस्थल हो, धरानलाई खेलकुदको सहरका रूपमा मात्र बूढासुब्बा गोल्डकपले चिनाएन पर्यटनको केन्द्रका रूपमा पनि स्थापित गर्न ठूलो योगदान पुऱ्याएको छ ।'

उनले भने, 'नेपालका प्रतिष्ठित क्लबसँगै अन्तर्राष्ट्रिय टिमको सहभागिता हुन्छ यो खेल क्षेत्रको विकास, खेलाडीहरूको क्षमता अभिवृद्धि साथै स्थानीय युवा पुस्तालाई प्रेरित गर्न महत्त्वपूर्ण भुमिका खेलेको छ ।' प्रत्येक वर्ष आयोजना हुने बूढासुब्बा गोल्डकप खेलकुदको प्रवर्द्धन गर्नमात्र नभएर धरानको आर्थिक, सामाजिक, र सांस्कृतिक पक्षसमेतलाई उजागर गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको अध्यक्ष तामाङले बताए ।

बूढासुब्बा गोल्डकपले खेलकुदको विकाससँगै युवा खेलाडीलाई दिने 'प्लेटफर्म' र राष्ट्रिय फुटबलको स्तर सुधारमा ठूलो योगदान पुऱ्याउँदै आइरहेको छ । अध्यक्ष तामाङले भने, 'बूढासुब्बा गोल्डकप खेलले खेलाडीलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउनका साथै फुटबल खेललाई लोकप्रिय बनाउनमा ठूलो टेवा पुगेको छ ।' फुटबललाई मात्रै खेल र मनोरञ्जनको एक साधन हो भन्ने सोच हाबी छ । यसले प्रचुर सम्भावना भएर पनि यहाँ खेल पर्यटनको अवधारणा फस्टाउन सकेको छैन । जुन स्थानीय सरोकारवालाले खासै ध्यान दिएको पाइँदैन ।

उनले भने, 'प्रत्येक वर्ष बूढासुब्बा गोल्डकप सञ्चालन हुन्छ, वर्षको एक करोड रूपैयाँको लगानीमा खेल सञ्चालन हुने गरेको छ, जसमा स्थानीय सरकारबाट १० प्रतिशत सहयोग हुने गरेको छ भने बाँकी हङ्कङ, बेलायत, सिंगापुरलगायत देश विदेशमा रहेका व्यक्तिबाट हुने चन्दा र सहयोगबाट सञ्चालन हुने गरेको उनले बताए ।

बूढासुब्बा गोल्डकपले खेलको विकासमा टेवा त पुग्ने नै भयो अध्यक्ष तामाङ धरानको पर्यटन प्रवर्द्धनमा यसले पनि निक्कै सहयोग पुग्ने बताउँछन् । गोल्डकप सञ्चालन हुँदा सहभागी खेलाडी टिमका र अफिसियलले धरानका होटल एक सातासम्म खचाखच हुन्छ । यतिबेला समय फुटबल हेर्न सुनसरीका विभिन्न ठाउँ साथै प्रदेशका मोरङ, धनकुटा, झापा, इलाम, पाँचथर, संखुवासभालगायतका जिल्लाबाट खेलप्रेमी दर्शक खेल हेर्न आउने गरेको क्लबका अध्यक्ष तामाङको भनाइ छ ।

बूढासुब्बा गोल्डकपले नेपाली फुटबलमा नै नयाँ लहर ल्याएको वरिष्ठ पत्रकार हर्ष सुब्बाले बताए । बूढासुब्बा गोल्डकप सुरु भएसँगै धरानमा दर्जनौं गोल्डकप खेल सुरु भएको उनको भनाइ छ । उनले भने, 'पहिले राम्रो खेलाडी बन्नका लागि काठमाडौं, पोखरालगायतका ठाउँमा गएर खेलको तालिम लिनुपर्ने अवस्था थियो । पछिल्लो समय बूढासुब्बा गोल्डकप सुरु भएसँगै यसले ल्याएको लहरले काठमाडौं मात्र नभएर बाहिरी देशका खेलाडीसमेत बूढासुब्बा गोल्डकपले चिनाउने गरेकाले बूढासुब्बा गोल्डकप धरानको मात्र नभएर नेपालकै उदाहरणीय गोल्डकपको रूपमा विस्थापित भएको उनले बताए ।

बूढासुब्बा गोल्डकप सुरु भएसँगै धरानमा गोधुली फुटबल क्लब, हाम्रो धरान, भेट्रान फुटबल, सुवास राई स्मृति कप, नगरपालिका महिला कपलगायत दर्जनौं फुटबल खेल सुरु भएकाले बूढासुब्बा गोल्डकप उदाहरणीय गोल्डकप फुटबलको रूपमा लिन सकिन्छ । यसले नेपालको फुटबलमा ठूलो युगान्तकारी परिवर्तन दिएको उनको भनाइ छ । बूढासुब्बा गोल्डकपले नेपाली फुटबलको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको उनले बताए । उनले भने, 'बूढासुब्बा गोल्डकपले सयौं राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गरिसकेको छ भने यस गोल्डकपले नयाँ पुस्ताका खेलाडीलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर र प्लेटफर्मको बूढासुब्बा गोल्डकपले दिएको छ ।

### बूढासुब्बाको गोल्डकपको २५औं संस्करण

बूढासुब्बा गोल्डकपको २५औं अन्तर्राष्ट्रिय आमन्त्रण संस्करण यही माघ १९ गतेबाट सुरु हुने भएको छ । प्रतियोगिताको लागि आर्थिक समिति खेलाडी, समिति प्रचारप्रसार समिति सुरक्षा समितिलगायतका समिति बनाइएको अध्यक्ष तामाङले बताए । साथै, खेल अवधिभर सुरक्षा व्यवस्थालाई चुस्त पारिने उनले बताए । उनले भने, 'क्लबका तर्फबाट ५० जनाभन्दा बढी सुरक्षा स्वयंसेवक, निजी सुरक्षा गार्डसमेतको व्यवस्था गरिएको छ ।'

क्लबले खेलको तालिकासमेत सार्वजनिक गरिसकेको छ । १९ गते पहिलो खेल सहिद स्मारक ए डिभिजन लिग विजेता चर्च ब्वाइज र चारपटकको बिजेता पुलिस क्लबबीच हुने अध्यक्ष तामाङले बताए । धरान उपमहानगरपालिका-१६ रंगशालामा हुने प्रतियोगितामा १० वटा क्लबको सहभागी रहने छ । प्रतियोगितामा एनआरटी क्लब काठमाडौं, लिग च्याम्पियन चर्च ब्वाइज क्लब, नेपाल पुलिस क्लब, भुटान फुटबल एकाडेमी, त्रिभुवन आर्मी क्लब, इटहरी जागृति क्लब, युके एफसी भारत, मच्छिन्द्र क्लब काठमाडौं, काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टर झापा र धरान फुटबल क्लब रहने आयोजकले जनाएको छ ।

प्रतियोगिताका विजेताले ट्रफीसहित १० लाख र उपविजेताले नगद पाँच लाख रूपैयाँ पुरस्कार पाउने छन् । यसमा उत्कृष्ट खेलाडीले नगद एक लाख रूपैयाँ र प्रत्येक खेलको 'प्लेयर अफ दि म्याच' हुनेले १५ हजार रूपैयाँ सर्वाधिक गोलकर्ताले ३५ हजार रूपैयाँ, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्स, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट प्रशिक्षकले जनही २५ हजार रूपैयाँ पुरस्कार पाउने अध्यक्ष तामाङले बताए । *रासस*

# सिक्लेसः प्रकृति र संस्कृतिलाई नजिकबाट हेर्ने र बुझ्ने थलो

वासुदेव पौडेल / गण्डकी



वरिपरिबाट जंगलले घेरिएको गुजुमुज्ज परेको बस्ती, ढुंगैढुंगाले छापिएका बाटा र ठाउँठाउँमा राखिएका गुरुङ समुदायको धार्मिक आस्थाका पवित्र कोइबोहरू । कास्कीको पर्यटकीय गाउँ सिक्लेस पुग्ने जोकोहीलाई पनि त्यहाँका प्राकृतिक सुन्दरतासँगै गुरुङ संस्कृति, परम्परा र इतिहासले लोभ्याउँछ ।

गुरुङ समुदायको बाहुल्य रहेको सिक्लेस सांस्कृतिक र पर्यटकीय हिसाबले निकै महत्त्वपूर्ण छ । सिक्लेसको परिचय त्यतिमामात्रै सीमित छैन, यो राजनीतिकरूपमा ऐतिहासिक थलो पनि हो । नेपालको शान्ति प्रक्रियाको उद्‌गमस्थलका रूपमा पनि सिक्लेसलाई लिइन्छ ।

तत्कालीन समयमा सशस्त्र आन्दोलनरत नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का अध्यक्ष पुष्पकमल दाहालसँग छलफल गरी वार्ताको वातावरण बनाउन तत्कालीन गृहमन्त्री तथा सरकारी वार्ता टोलीका संयोजक कृष्णप्रसाद सिटौला सिक्लेस पुगेका थिए । त्यसलगत्तै अध्यक्ष दाहाललगायत माओवादी पार्टीको शीर्ष नेतृत्व २०६३ असार २ गते बालुवाटारमा सार्वजनिक भएका थिए । शान्ति प्रक्रियाको प्रस्थान बिन्दु बनेको यो स्थानमा केही समयअघि शान्ति स्मारकको अनावरण गरिएको थियो ।

पर्यटन राजधानी पोखराको काहुँखोलादेखि ३७ किलोमिटर दूरीमा रहेको यो ठाउँ समुद्री सतहबाट करिब एक हजार ९५० मिटरको उचाइमा छ । केही वर्षयता आन्तरिक र बाहय पर्यटकको आगमन बढ्न थालेपछि सिक्लेसमा घरबास र होटेलहरूको संख्या बढ्न थालेको छ । प्रकृति र संस्कृतिको धनी सिक्लेसमा स्थानीयको न्यानो आतिथ्यताले पर्यटकलाई लोभ्याउने गरेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत रहेको यो गाउँ मादी गाउँपालिकाको वडा नं १ मा पर्दछ । सिक्लेस प्रवेश गर्दा तातो चिया र मकै भटमासले स्वागत गर्ने यहाँको चलन छ । बेलुका होटेल तथा घरबास सञ्चालकले मीठो परिकारको स्वाद चखाउँछन् ।

त्यसैगरी, टीका र फूलले बिदाइ गर्ने परम्परा छ । सिक्लेसमा एकपटक आउने पर्यटक दोहोऱ्याएर आउने गरेको साजन इन्द्रेणी गेस्ट हाउसका सञ्चालक लिलिमाया गुरुङको अनुभव छ । गुरुङ गाउँका रूपमा आफ्नै विशिष्ट मौलिकता बोकेको सिक्लेस प्रकृति र संस्कृतिका जीवन्त पक्ष हेर्ने बुझ्ने थलो पनि भएको उनको भनाइ छ । पछिल्लो १० वर्षदेखि सिक्लेसमा होटल सञ्चालन गरिरहेकी उनले सुरुमा घरबास 'होमस्टे' सुरु गरेका थिए । हाल सिक्लेसमा २८ वटा होटल तथा ३६ वटा घरबासले पर्यटकलाई सेवा दिइरहेका छन् । सिक्लेसमा अन्नपूर्ण संरक्षण आयोजना (एक्याप)ले सञ्चालन गरिरहेको इको म्युजियम र यहाँ बनाइका कोइबोहरू अनुसन्धानकर्ताका लागि गन्तव्य बन्दै गएको मादी गाउँपालिका-१ का वडाध्यक्ष देवीजंग गुरुङले बताए ।

इको म्युजियममा विशेषतः सांस्कृतिक सम्पदा र परम्पराका साथै गुरुङ समुदायको जीवनशैली (अन्य जातीय अल्पसंख्यकहरूसहित) आदिलाई जीवन्तरूपमा चित्रण गर्नेगरी सामग्री राखिएका छन् । विशेषतः गुरुङ समुदायको रहनसहनलाई संग्रहालयमा देखाउने प्रयास गरिएको अध्यक्ष गुरुङको भनाइ छ । गुरुङ सभ्यताको विशिष्टस्थलका रूपमा विकसित संग्रहालय गुरुङ सभ्यताको जानकारी राख्न चाहने जो कोहीका लागि उपयोगी बन्दै गएको छ । संग्रहालयमा गुरुङ संस्कृतिका साथै पर्यावरणीय अध्ययन तथा सिक्लेस क्षेत्रमा पाइने विभिन्न जडीबुटी राखिएको छ ।

संग्रहालयमा सिक्लेस क्षेत्रमा पाइने जडीबुटीहरू कुट्को, कुरिलो, सतुवा, विष, नीलोविष, जटामसी, सिल्टिमुर, पाँचऔंले, यार्सागुम्बाबारे जानकारी एवं अवलोकन गर्न सकिन्छ । साथै गुरुङ संस्कृतिका वेशभूषा, संस्कृतिका साथै रहनसहनका हरेक पक्षलाई जीवन्त चित्रण गर्ने किसिमका सामग्री प्रदर्शनमा राखिएको छ । संग्रहालयमा गुरुङ समुदायको मौलिक पोसाक राखिएको छ । साथै पर्यटकहरू उक्त पोसाकमा सजिएर तस्बिर खिच्ने गरेका छन् । संग्रहालय प्रवेश गर्ने बित्तिकै गुरुङ धर्मगुरु पत्यु, ल्हेउरी र बन्पोलमको प्रतिमा देख्न सकिन्छ ।

वि.सं. २०७१ देखि सञ्चालनमा आएको संग्रहालय यहाँ पर्यटकको 'बलेट लिस्ट'मा छुटाउने नहुने गन्तव्य भएको संग्रहालय व्यवस्थापन उपसमितिका सचिव कृष्टी गुरुङको भनाइ छ । चालु आर्थिक वर्षको छ महिनामा एक हजार ७०० जनाले संग्रहालयको अवलोकन गरिसकेका छन् । संग्रहालयमा प्रवेश शुल्कबापत नेपाली सर्वसाधारणका लागि ५० रूपैयाँ, विद्यार्थीका लागि ३० रूपैयाँ र विदेशी पर्यटकका लागि १५० रूपैयाँ निर्धारण गरिएको छ ।

पर्यटकको सुरक्षाका लागि विभिन्न ६४ स्थानमा सिसिटिभी जडान गरिएको वडाध्यक्ष गुरुङले जानकारी दिए । उनका अनुसार सिक्लेसलाई सांस्कृतिक ग्रामका रूपमा विकास गर्नेगरी व्यवस्थित सिँढी, बाटो, सडक बत्तीको व्यवस्था पनि भइसकेको छ । स्थानीय स्तरमा सञ्चालित सिक्लेस हाइड्रोपावरबाट २०० किलोवाट विद्युत् नियमित आपूर्ति भइरहेको छ । सिक्लेसमा संग्रहालयसँगै शान्ति स्मारक, सिक्लेस पार्क पनि निर्माण गरिएको छ । यहाँबाट देखिने विभिन्न हिमालको दृश्यावलोकन पर्यटक आकर्षित गर्ने माध्यम हुन् । *रासस*



**ल्होछार उत्सव |** तनहुँको भानु नगरपालिकास्थित सोनाम ल्होछारको अवसरमा बिहीबार बौद्ध हिमाल तामाङ समाजद्वारा निकालिएको पदयात्रामा सहभागीहरू ।
*तस्बिरः मिला दरै/रासस*

# टोकन प्रणाली लागू भएपछि सेवा प्रवाहमा सहजता

■ प्रभाव संवाददाता



**जलेश्वर (महोत्तरी)–** जिल्ला प्रशासन कार्यालय महोत्तरीमा सेवा प्रवाहका लागि टोकन प्रणाली लागू भएपछि सहज रूपमा सेवा प्रवाह हुन थालेको छ । जिल्ला प्रशासन कार्यालयबाट नयाँ नागरिकता बनाउने, नागरिकताको प्रतिलिपि लिने, राहदानी बनाउने, राष्ट्रिय परिचयपत्रलगायत कामकाज टोकन प्रणालीमार्फत सुरु भएपछि सेवा प्रवाह सहज भएको हो ।

पहिलापहिला जिल्ला प्रशासन कार्यालयमा आउँदा विभिन्न फाँटको ढोका र झ्यालमा घण्टौं लाइन लाग्नुपर्ने, हल्ला र विभिन्न विवादले पालो आउनै गाह्रो हुने गरेकामा टोकन प्रणाली लागू भएपछि सेवा प्रवाह सहजरूपमा भइरहेको जलेश्वर नगरपालिका-१ बस्ने राजकिशोर रामले बताए । छोरीको नागरिकता बनाउन आएका उनले आफ्नो पालोका लागि टोकन लिएर आरामले कुर्न पाइने हुँदा सेवाग्राही र सेवाप्रदायक दुवैलाई सहज भएको उनको बुझाइ छ ।

लामो लाइन, हो हल्ला र सेवाग्राहीको घुइँचोका कारण तीन दिन काम गराउन नसकेर घर फर्किएका लोहारपट्टी नगरपालिका-३ का साबिर राईनले शुक्रबार विनाकुनै झण्झट नागरिकता बनाउन टोकन लिएर पालो कुरेको भन्दै सहजरूपमा काम भएको बताए । राजकिशोर र साविरजस्तै शुक्रबार सयौं सेवाग्राहीले आ-आफ्नो कामका लागि टोकन लिएर पालैपालो काम गर्न पाएपछि सहज भएको प्रतिक्रिया दिएका छन् । जिल्ला प्रशासन कार्यालयमा बर्दिबास नगरपालिकाको सहयोगमा गत गत मंगलबार टोकन उपकरण जडान गरिएको थियो ।

प्रमुख जिल्ला अधिकारी लालबाबु कवारी र बर्दिबास नगरपालिकाका प्रमुख प्रल्हाद क्षेत्रीले सोही दिन 'टोकन उपकरण'को संयुक्तरूपमा उद्घाटन गरेपछि शुक्रबार टोकन प्रणालीमार्फत सेवा प्रवाह सुरु भएको हो । दिनानुदिन बढ्दै गएको सेवाग्राहीको घुइँचोले सेवाग्राहीलाई सेवा प्राप्त गर्न कठिनाइ भइरहेको, भीडभाड नियन्त्रण भन्दाबाहिर गएर हो-हल्ला हुने र कहिलेकाहीँ बिचौलियासमेतले सेवाग्राहीलाई ठगी गर्ने घटना बढ्दै गएपछि टोकन प्रणाली लागू गरिएको प्रमुख जिल्ला अधिकारी कवारीले बताए ।

योसँगै जिल्ला प्रशासन कार्यालयमा जिल्लाभरिका सेवाग्राही आउँदा भीडभाड हुने, बिचौलिया हाबी हुने र एउटै कामका लागि दुई-चार दिन कुर्नुपर्ने समस्या अन्त्य भएको उनको भनाइ छ । बर्दिबास नगरपालिकाका प्रमुख क्षेत्रीले टोकन प्रणालीमार्फत सेवा सुरु भएपछि जस्तोसुकै भीडभाडमा पनि सेवाग्राहीले पालैपालो सेवा पाउने, अनावश्यक रूपमा लाइनमा बस्नु नपर्ने र कर्मचारीले पनि सहज रूपमा सेवा दिन सक्ने बताए ।

# त्रिधार्मिकस्थल हलेसीलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्ने पहल

■ केदार मगर



**खोटाङ–** विश्वप्रसिद्ध त्रिधार्मिकस्थल हलेसीलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल थालिएको छ । हिन्दू, बौद्ध र किरात धर्मावलम्बीको संगमस्थल खोटाङको हलेसीलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न हलेसी तुवाचुङ नगरपालिकाले पहल थालेको हो ।

नगरपालिकाको हिउँदे नगरसभाले विश्वप्रसिद्ध त्रिधार्मिकस्थल हलेसीलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्ने निर्णय पारित गरेको नगरप्रमुख विमला राईले जनाइन् । 'तीनवटा धर्मको संगमस्थल हाम्रो नगरपालिकामा छ । यसलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक छ । यसका लागि पुरातत्त्व विभागमार्फत संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक समूहसमक्ष दस्तावेज पुर्‍याउन पहल गरिने छ,' उनले भनिन्, 'विश्वसम्पदा सूचीमा सूचीकृत भएको खण्डमा चौतर्फी विकास गर्न सकिन्छ । यसका लागि विभिन्न निकायसँग छलफल सुरू गरिएको छ ।'

भष्मासुर राक्षसबाट बच्न शिवजीले आश्रय लिएको, किरात राई समुदायका पुर्खाले पत्ता लगाएको, पद्मसम्भवले बुद्धत्व प्राप्त गरेको, हलेसी गुफानजिकै किरात समुदायको उद्गम थलो तुवाचुङ रहेकोलगायत आधारमा हलेसीलाई त्रिधार्मिकस्थल मान्ने गरिएको छ । मारातिका गुम्बासमेत रहेकाले हलेसीमा विश्वभरका बौद्ध धर्मावलम्बीले चार-पाँच महिना बसेर ध्यान गर्ने गरेका छन् । त्रिधार्मिकस्थल हलेसीको दर्शन तथा अवलोकन गर्न स्वदेशीबाहेक चीन, भारत, भुटान, सिंगापुर, जापान, रूस, फ्रान्स, युक्रेन, अमेरिकालगायतका पर्यटक आउने गरेका छन् । यातायातको सुविधा भएसँगै पछिल्लो समय दैनिक हजारौंको संख्यामा पर्यटक आउने गरेको मन्दिर व्यवस्थापन समितिले जनाएको छ ।

धार्मिक मान्यताले मात्रै नभई प्राकृतिक सौन्दर्यले पनि विश्वप्रसिद्ध हलेसीमा ठुलठूला चट्टानको बीच भागमा रहेको गुफाभित्र विराजमान शिवलिंग र पार्वतीको मन्दिर छ । हलेसी मन्दिरको मुख्य गुफाको ठिक पछाडिपट्टि उस्तै ठूलो बसाहा गुफा छ । गुफाभित्र छिरेपछि देखिने आकाशको दृश्य प्राकृतिक सौन्दर्यको अनुपम उपहार हो ।

उसो त यी दुई गुफाका अगाडि उत्रै ठूलो भैरव नामक प्राकृतिक गुफा छन्, यी प्राकृतिक भू-वनोटलाई अवलोकनकर्ताले विश्वकै नमूना मान्छन् । सगरमाथा हिमशृंखलाको काखमा अवस्थित यी गुफाको प्राकृतिक सौन्दर्यताको वर्णनमात्र हो । दिक्तेलबाट ४० किलोमिटर पश्चिममा पर्ने हलेसी हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थानमा पर्छ । शिवपार्वतीको पूजाआजा गरेमा मनोकांक्षा पूरा हुने जनविश्वास रहिआएको छ । जिल्लाबाट तराईसँगको सीधा यातायात सुरू भएसँगै हलेसी आवतजावत गर्ने तीर्थयात्री तथा पर्यटकको भीड लाग्न थालेको हो ।

सडक नपुगेसम्म लामीडाँडा विमानस्थलको अर्को विकल्प नभएको हलेसीमा अहिले जयरामघाटस्थित दूधकोशी र हर्कपुरस्थित सुनकोशीमा पक्की पुल बनेपछि सहजरूपमा बस तथा जीपमा यात्रा गरेर आउन तथा जान सकिन्छ । कतिपय दर्शनार्थी तथा अवलोकनकर्ता सीधै हेलिकप्टर चार्टर गरेर हलेसी आउने गरेका छन् ।

तीन ठूला प्राकृतिक गुफाको अवलोकलन तथा दर्शन गर्न मध्यपहाडी राजमार्ग हुँदै काठमाडौंबाट सात घण्टाको बस तथा जीप यात्रापछि हलेसी पुग्न सकिन्छ । तराईका विभिन्न जिल्लाबाट उदयपुर-ओखलढुंगाअन्तर्गतको सिद्धिचरण राजमार्ग हुँदै पनि हलेसी आउन सकिन्छ । यीबाहेक लामीडाँडा र खानीडाँडा विमानस्थलमा ओर्लिएर केही घण्टाको बस तथा जीप यात्रापछि पनि हलेसी पुग्न सकिन्छ । हलेसी गुफाभित्र शिवपार्वतीको मन्दिरसँगै धर्मद्वार, पापद्वार, स्वर्गद्वारजस्ता विभिन्न द्वार छन् । जहाँ छिरे पाप नष्ट हुने, धर्म कमाइने आदि जनविश्वास छ ।

### उत्पतिको सवालमा हलेसी

हलेसी गुफाका बारेमा विभिन्न किंवदन्ती पाइन्छ । यसलाई किरातीले आफ्नो आदिम भूमि, बौद्ध धर्मालम्बीले दोस्रो लुम्बिनी र हिन्दू धर्मावलम्बीले पूर्वको पशुपति भन्ने गर्छन् । एउटा किंवदन्तीअनुसार किराती राजा बाँघवंशी सिकार खेल्ने क्रममा वि.सं. १८२० तिर मृग खेद्दै गर्दा आफ्नो कुकुर हराउँछ ।

कुकुरको खोजी गर्दा उनले कुकुरको आवाज गुफाभित्र सुन्छ । गुफाभित्र लहराको साहारामा पस्दा चमकदार शिवलिंग भेटिन्छ । त्यसपछि, महादेवका रूपमा मानिँदै आएको मानिन्छ । हिन्दू धर्मको किंवदन्तीअनुसार भष्मासुर नामक राक्षस पार्वती पाउनका लागि हजारौं वर्ष भगवान् विष्णुको तपस्या गर्छन् । त्यसपछि, वरदान दिने क्रममा भस्मेश्वरले शिवजीलाई मार्न पाउनुपर्ने वरदान माग्छ । सोही वरदानअनुसार शिव र पार्वतीलाई खेद्दै जाने क्रममा हलेसी आएपछि शिवपार्वती गुफाभित्र पसेका थिए । भष्मेश्वर पनि त्यही पस्छ । तर, विष्णुले पुनः जाल रची भष्मासुरलाई नै भष्म बनाइदिएपछि, शिवपार्वती त्यही विराजमान भएको किंवदन्ती छ ।

बौद्धमार्गीहरूको धर्मग्रन्थमा बौद्ध धर्मगुरू पद्मसम्भवले बुद्धत्व प्राप्त गरेको हुँदा मारातिका गुम्बाकोसमेत स्थापना गरी महत्त्वपूर्ण स्थानका रूपमा उल्लेख गरेको पाइन्छ । यस धार्मिक तथा पर्यटकीयस्थलका रूपमा रहेको मनोरम गुफालाई बौद्ध धर्मावलम्बीले उच्च सम्मान व्यक्त गर्दै हजारौं देशीविदेशी पर्यटक आउने गरेका छन् ।

गुफाभित्र किराती बस्ने गरेको पनि किंवदन्ती छ । तीन ठूला प्राकृतिक गुफा रहेको हलेसीमा विभिन्न देवीदेवताका मूर्ति छन् । शिवपार्वतीको मन्दिर रहेको गुफा ४४३ मिटर लामो तथा १०० मिटर गहिराइभित्र पर्छ । शिवपार्वतीको मन्दिर ठीक पछाडि १२० मिटर अग्लो बसाहा गुफा छ । उत्रै ठूलो भैरव गुफा पनि छ । तीनै गुफा गोलाकार छन् ।

### हलेसीमा कहिले कुन मेला

यहाँ चैतमा रामनवमी मेला १५ दिन, मंसिरमा बालाचतुर्दशी मेला १२ दिन, फागुनमा शिवरात्रि मेला सात दिन र भदौमा तीज मेला तीन दिन लाग्छ । मेला भर्न नेपालका सबै जिल्लाका साथै अन्य देश भारत, चीन, भुटान, बंगलादेश, जापान, अमेरिकालगायतबाट भक्तजन आउने गरेका छन् । मेलाका अवसरमा अर्बौंको कारोबार हुने उद्योग वाणिज्य संघ खोटाङले जनाएको छ । मेलामा देशी तथा विदेशी व्यापारीसमेत आ-आफ्नो व्यापार-व्यवसाय लिएर हलेसी आउने गरेका छन् ।

### सरकारको नजरमा हलेसीमा

हलेसीलाई त्रिधार्मिकस्थलका रूपमा विकास गर्न सरकारले वि.सं. २०५३ देखि हलेसी विकास समितिमार्फत विकास योजना अघि बढाएको हो । हलेसी आउने तीर्थयात्री तथा पर्यटकलाई बस्ने, खाने र दर्शन एवं अवलोकनका लागि सहज वातावरण बनाउनेतर्फ केन्द्रित भएर कार्यक्रम सञ्चालन भइरहेको छ ।

कोशी प्रदेशको एउटा मुख्य आर्थिक स्रोत मानिएको धार्मिक तथा पर्यटकीयस्थल हलेसीलाई सरकारले वार्षिक रूपमा बजेट विनियोजन गर्दै आएको छ । तर, कार्यान्वयन प्रक्रिया फितलो भएको स्थानीयवासीको गुनासो छ । स्थानीय सरकारले हलेसीको चौतर्फी विकासमा सहयोग उपलब्ध गराउँदै आएको छ ।

### भौतिक पूर्वाधार विकासमा हलेसी

बाह्रै महिना उत्तिकै मात्रामा दर्शनार्थी र पर्यटकको चहलपहल रहने हलेसी गुठी संस्थान, विकास समिति र मन्दिर व्यवस्थापन समितिको लगानीमा प्रवेशद्वार, सिँढी, हवन कुण्डलगायत भौतिक पूर्वाधार निर्माण गरिएको छ । नगरपालिकाको लगानीमा मन्दिरको प्रांगणमा ब्लक बिछ्याइएको छ । मन्दिर व्यवस्थापन समितिको लगानीमा डोरामाला बिक्री वितरण गर्ने टहरा निर्माण गरिएको छ । यसअघि जथाभावी राखेर बिक्री गरिँदै आएको डोरामालालाई व्यवस्थित गर्न टहरा निर्माण गरिएको हो ।

लामो समयअघिदेखि मन्दिरभित्र बालिने सिन्केधुपलाई व्यवस्थित गर्न नगरपालिकाले मुख्य प्रवेशद्वारको बाहिरपट्टि बाल्ने व्यवस्था मिलाएको छ । नगरपालिकाकै लगानीमा मन्दिर परिक्रमा गरिने पदमार्गलाई व्यवस्थित गर्न स्तरोन्नति गरिएको छ । नेपाल आयल निगम र नगरपालिकाको साझेदारीमा सुरू गरिएको धर्मशाला निर्माणाधीन अवस्थामा छ ।

### व्यवस्थापनको क्षेत्रमा हलेसी

विश्वमै नभएको हिन्दू, बौद्ध र किरात धर्मावलम्बीको संगमस्थल हलेसीमा पछिल्लो समय होटल तथा व्यापार-व्यवसाय फस्टाउँदै गएको छ । हलेसीबजार आसपासमा सुविधासम्पन्न होटल तथा रेस्टुराँ धमाधम खुल्न थालेका छन् । मध्यपहाडी लोकमार्गमा पर्ने हलेसीमा पछिल्लो समय करिब पाँच सय जना पर्यटक अटाउने होटल खोलिएका छन् । हलेसीमा खोलिएका होटल तथा रेस्टुराँलाई व्यवस्थित गर्न नगरपालिकालेसमेत चासो दिएको छ । हलेसी आउने दर्शनार्थी एवं पर्यटकलाई सहजरूपमा खानेपानी तथा नुहाउने व्यवस्था मिलाउन पानीको व्यवस्था मिलाइएको छ । सुक्खाग्रस्त क्षेत्रमा पर्ने हलेसीमा लोचाखोला खानेपानी आयोजना तथा सोही स्थानमा सञ्चालन गरिएको डिपवोरिङमार्फत पानीको व्यवस्था मिलाइएको छ ।

### हलेसीको भावी योजना

हलेसीको भावी योजनाअन्तर्गत हलेसी गुरूयोजना निर्माणको काम थालिएको छ । पछिल्लो समय स्थानीयवासीको अतिक्रमणमा पर्दै गएको हलेसीको समग्र विकासका लागि गुरूयोजना निर्माण थालिएको हो । संरक्षण, प्रवर्द्धन, भौतिक तथा पर्यटन विकासलाई ध्यानमा राखेर गुरूयोजना निर्माण सुरू गरिएको जनाइएको छ । गुरूयोजना निर्माणका लागि विभागबाट भूगर्भविद्को टोली झिकाएर सर्वेक्षणको काम सम्पन्न गरिएको छ । *रासस*

# प्रभाव दैनिक

शनिबार, १९ माघ २०८१ (Saturday, February 01, 2025)


## रूपशाला

### 'रंगी' को ट्रेलर सार्वजनिक

फिल्म 'रंगी' को ट्रेलर सार्वजनिक भएको छ। सान्भी इन्टरटेनमेन्ट प्रालिको व्यानरमा निर्माण भएको अभिनेता सलोन बस्नेत प्रस्तुतकर्ता रहेको फिल्मको ट्रेलरमा बाबु र छोरीको प्रेम, कमेडी र पीडालाई देखाइएको छ। सलोनको विवाह र छोरीको जन्मबाट सुरूवात ट्रेलरमा छोरी आयुषी ढकालका लागि बाबु सलोन बस्नेतको प्रेम, संघर्ष देखाइएको छ। ओएसआर डिजिटलबाट सार्वजनिक गरिएको ट्रेलरमा 'डेब्यू' नायिका नम्रता श्रेष्ठ र आयुषीको मित्रता, सलोन, नम्रता र आयुषीको नोकभोकलाई पनि देखाइएको छ।



# अन्ततः छुट्टिने भए एलिना र विष्णु



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायिका एलिना चौहानले पति विष्णु सापकोटाविरूद्ध सम्बन्धविच्छेदको मुद्दा हालेकी छिन्। चौहानले शुक्रबार पति सापकोटाविरूद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेकी हुन्।

उनले वारेस काठमाडौं महानगरपालिका-३ की ४५ वर्षीया विष्णु खरेललाई वारेस राखेर सम्बन्धविच्छेदको मुद्दा दायर गरेको काठमाडौं जिल्ला अदालतले जनाएको छ। चौहान झापा विर्तामोड नगरपालिका-७ स्थायी घर भएकी हुन् भने सापकोटा बागलुङ नगरपालिका-५ का हुन्। उनीहरूबीच २०८१ वैशाख १ गते बिहे भएको थियो। बिहेपछि पतिसँग अष्ट्रेलिया गएकी चौहान केही महिनाअघि नेपाल आएकी थिइन्। सापकोटा भने अष्ट्रेलियामै छन्।

सम्बन्धविच्छेद गर्नुको कारणबारे उनले मुद्दामा उल्लेख गरेकी छिन्। उनले कलाकारिता क्षेत्रमा काम गर्ने भएकोले कार्यक्रमहरूमा सहभागी भएर कहिलेकाहीँ अबेरसम्म बस्नुपर्ने गरेको तर सापकोटाले कार्यक्रमको बीचैमा फोन गरेर घरमा आउन भन्दै बाधा पुऱ्याउने गरेको उल्लेख गरेकी छिन्। सोही विषयमा मनमुटाव हुन गएको र अष्ट्रेलिया गएको तीन महिनापछि आफू नेपाल फर्किएको चौहानले बताएकी छिन्। 'नेपाल फर्किएपछि पनि म कलाकारिता क्षेत्रमा हुने कार्यक्रममा व्यस्त हुँदा उनले मेरो चरित्रमाथि शंका-उपशंकाको दृष्टिले अनेक लाञ्छना लगाउँदा मलाई मानसिक कष्ट भयो,' उनले भनेकी छिन्।

यस्तो खालको प्रवृत्तिका कारण दुईबीचको वैवाहिक सम्बन्ध सुमधुर रहेर अगाडि बढ्न नसक्ने देखेर आफूले मुद्दा दायर गरेको उनले उल्लेख गरेकी छिन्। 'म फिरादी र विपक्षी पतिबीच भावनात्मक रूपमा सुमधुर सम्बन्ध कहिल्यै हुन नसकी कागजी रूपमा मात्र रहेको पति-पत्नीको सम्बन्धमा रहनु भन्दा,' चौहानले मुद्दामा लेखेकी छिन्, 'सम्बन्धविच्छेद गरी स्वतन्त्र भई आ-आफ्नो जीवन बिताउन श्रेयस्कर लागेकाले अदालतमा उपस्थित भएकी छु।' मुद्दामा उनले सम्बन्धविच्छेद गरे पनि पति सापकोटाबाट अंश, माना-चामल केही नलिने उल्लेख गरेकी छिन्।

# चलचित्रकर्मी थापालाई एक लाख सहयोग

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र विकास बोर्डले आज क्यानसरपिडित कलाकार राजन थापालाई एक लाख रूपैया उपचारको लागि आर्थिक सहयोग प्रदान गरेको छ। ४ दशकदेखि नेपाली कलाकारितामा सकृय रहेका थापालाई विगत १ वर्षदेखि आन्द्रामा क्यानसर भई आर्थिक अभाव झेल्दै गरेकोले सहयोग गर्ने चलचित्रकर्मि कल्याणकोष सञ्चालन समीतिको निर्णयअनुसार बोर्ड अध्यक्ष दिनेश



डिसीले चेक प्रदान गरेका छन्। कोषको संयोजक कलाकार बसुन्धरा भुसाल छिन्।

२०३९ सालदेखि कलाकारीतामा प्रवेश गरेका थापाले ६ एकान ६, दुश्मन, ईकु,कंगाल, सम्पति लगायतका ठुलो पर्दाका चलचित्रहरूमा तथा अविरल बग्दछ इन्द्रावती, रहरै भो, श्रीमान श्रीमती, तितोसत्य, चक्कर, भुईचालो , सञ्चय आदिमा समेत अभिनय गरेका छन्। आर्थिक अवस्था कमजोर भई उपचार गर्न कठिनाई भएको देखिएपछि आर्थिक सहयोग प्रदान गरिएको हो।

# राजेश हमाल भन्छन्, 'उमेर छँदै सीप र दक्षता हासिल गरौं'



■ प्रभाव संवाददाता

**काठमाडौं–** महानायक राजेश हमालले उमेर छँदै सीप र दक्षता हासिल गर्न पोखराका युवालाई सुझाव दिएका छन्। गोरेटो कन्सल्टेन्सि पोखरा शाखाको उद्घाटन गर्दै महानायक हमालले उमेर छँदै व्यक्तिले आफ्नो सीप र दक्षता हासिल गर्नु पर्नेमा जोड दिएका हुन्।

समय परिवर्तनशील भएकोले समयमै हरेक व्यक्तिले आफू भोलि कस्तो बन्ने भन्ने विषयमा निर्णय लिँदै स्वदेश तथा विदेशमा उच्च शिक्षा हासिल गर्न सकिने उनले बताए।

परिवारको साथ भएको अवस्थामा आफूले चाहेको देशमा समेत जान सकिने राय व्यक्त गर्दै महानयक हमालले नेपालमा पनि उच्च शिक्षा हासिल गर्न विदेशबाट समेत नेपाल आउने गरेको दाबी गरे। उच्च शिक्षा हासिल गरी प्राप्त ज्ञान र सीपलाई भविश्यमा सामाज परिवर्तनको लागि तथा आफ्नो घर परिवारको उज्वल भविश्यको लागि लाग्नु पर्ने उनको भनाई थियो।

परिवारको सदस्य र आफ्नो स्वइच्छाले विदेश जान चाहेमा राम्रोसँग बुझेर आधिकारीक संस्थाबाट मात्र जानको लागि महानायक हमालको सुझाव थियो। गोरेटोका ब्राण्ड एम्बासडरसमेत रहेका उनले कस्तो सीप हासिल गर्ने हरेक व्यक्तिले आफ्नो बुद्धि, विवेक अनुसार आफैंले समयमै निर्णय लिनुपर्ने उल्लेख गरे।

काठमाडौंको नयाँ बानेश्वरमा केन्द्रीय कार्यालय रहेको गोरेटोको शाखा पोखरामा पनि सञ्चालन गरिएको प्रबन्ध निर्देशक धिरज कँडेलले जानकारी दिए। पोखराको चिप्लेढुंगा (महेन्द्रपुल)मा रहेको उक्त शाखाबाट क्यानडा, बेलायतसहितका देशमा उच्च शिक्षा हासिल गर्न सहजीकरण गर्ने निर्देशक कँडेलले बताए।

गोरेटोले हालै मात्र अध्ययनका लागि यूके जाने विद्यार्थीलाई समेत सेवा थालनी गरेको हो। क्यानडा जाने विद्यार्थीको पहिलो रोजाई बनेको गोरेटोले देशभरका विभिन्न स्थानमा शाखा खोल्दै आफ्नो लोकप्रियता बढाइरहेका बेला अध्ययनका लागि विद्यार्थीलाई बेलायत पठाउन सुरु गर्दै सेवा विस्तार गरेको हो।

विश्वव्यापी मान्यता, आधुनिक समय अनुसारको कोर्सहरूको उपलब्धता, पढाई पश्चात् पाइने पोस्ट स्टडी वर्क पर्मिट, छिटो छरितो सरल कागजी प्रक्रिया र अन्य मुलुकको तुलनामा यूके अन्तर र्राष्ट्रिय विद्यार्थीप्रति उदार भएकाले युके पछिल्लो समय आकर्षणको केन्द्रबिन्दु रहेको कुरा गोरेटो कन्सल्टेन्सीका निर्देशक धिरज कँडेलले बताए।

## रंगशाला

### नेपाल कबड्डी लिग

# जनकपुरले जित्यो उपाधि

■ प्रभाव संवाददाता



**काठमाडौं–** अपराजित रहँदै जनकपुर नाइट्सले नेपाल कबडी लिगको पहिलो संस्करणको उपाधि जितेको छ। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा शुक्रबार भएको फाइनलमा खेलमा काठमान्डु माभरिक्सलाई ४५-४१ ले पराजित गर्दै जनकपुरले उपाधि जितेको हो। उपाधिसँगै जनकपुरले पाँच लाख रूपैयाँ प्राप्त गऱ्यो। उपविजेता काठमान्डुले भने दुई लाखमा चित्त बुझायो।

जनकपुरले पहिलो क्वालिफायरमा विराटनगर ब्यान्डिट्सलाई हराउँदै फाइनलमा स्थान बनाएको थियो। काठमान्डुले पनि दोस्रो क्वालिफायरमा विराटनगरलाई नै पाखा लगाउँदै जनकपुरसँगको भेट पक्का गरेको हो। लिगचरणमा यी दुई टोलीले ३९-३९ अंकको बराबरी खेलेका थिए। तर, फाइनलमा भने जनकपुरले काठमान्डुलाई पछि पार्दै उपाधि जित्यो।

पहिलो हाफमै जनकपुरले ६ अंकको अग्रता लिएको थियो। रेइडबाट जनकपुरले आठ, ट्याकल ६, दुई अलआउटबाट चार तथा बोनस र अतिरिक्तबाट सात अंक जोडेको थियो। काठमान्डुले भने रेइडबाट दुई, ट्याकलबाट ६ तथा बोनस र अतिरिक्तबाट ११ अंक मात्रै बटुल्न सक्यो। योसँगै पहिलो हाफ २५-१९ मा सकिएको थियो। दोस्रो हाफमा कप्तान घनश्याम रोक्कामगरले उत्कृष्ट प्रदर्शन गर्दै काठमान्डुलाई खेलमा फर्काएका थिए। तर, अन्तिम मिनेटतिर सम्हालिन नसक्दा काठमान्डु उपाधिबाट विमुख हुन पुग्यो।

काठमान्डुले रेइडबाट सात, ट्याकलबाट पाँच, एक अलआउटबाट दुई तथा बोनस तथा अतिरिक्तबाट आठ अंक जोडेको थियो। जनकपुरले भने रेइडबाट सात, ट्याकलबाट ६ तथा बोनस र अतिरिक्त गरेर पाँच अंक मात्रै बटुल्न सक्यो।

# आहा ! रारा पोखरा गोल्डकपमा १२ टोली

**कास्की (प्रस)–** गण्डकी प्रदेशको राजधानी पोखरामा यही माघ २२ देखि फागुन ३ गतेसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा ! रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगिता सञ्चालन हुँदैछ।

चौबिसौँ संस्करणको यो प्रतियोगितामा नेपालका नौ र तीन विदेशी गरी १२ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने निश्चित भएको आयोजक क्लब पोखराका अध्यक्ष केशवराज बरालले जानकारी दिए। प्रतियोगिताको उद्घाटन खेल माघ २२ गते आयोजक सहारा र विभागीय टोली नेपाल पुलिस क्लबका बीचमा हुनेछ। प्रतियोगितामा आयोजक सहारा, नेपाल पुलिस क्लब, थ्री स्टार क्लब, मच्छिन्द्र फुटबल क्लब, संकटा क्लब, ब्रिगेड ब्वाइज क्लब, एन आरटी फुटबल क्लब, अपी पावर चर्च ब्वाइज युनाइटेड फुटबल क्लब सहभागी हुँदैछन्।

यसैगरी नेपाली सेनाको त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी बलको नेपाल एपिएफ क्लब र आयोजक सहारा क्लब गरी स्वदेशका नौ टोलीले प्रतिस्पर्धा गर्नेछन्। विदेशी टोली युकेको बिग्रेड ब्वाइज फुटबल क्लब, भारतको थन्डरबोल्ट नर्थ युनाइटेड र उज्वेकिस्तानको ब्ल्याक बुल्स फुटबल क्लब प्रतियोगितामा सहभागी हुने अध्यक्ष बरालले जानकारी दिए।

प्रतियोगितामा सहभागी १२ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ।


# 'अर्जुन ट्रफी' खेल्ने टोली घोषणा

**बैतडी (प्रस)–** धनगढीमा आयोजना हुने 'अर्जुन ट्रफी' टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि बैतडीको टोली घोषणा गरिएको छ। बैतडीको दशरथचन्द एकेडेमी भुवन कार्कीको कप्तानीमा १४ सदस्यीय टोली घोषणा गरेको हो।

विभिन्न उमेर समूहका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता खेलिसकेका खेलाडीलाई टोलीमा सम्मिलित गराइएको छ। टोलीमा अमरसिंह रौटेला, दिवान पुन, रूपेश सिंह, बसन्त खत्री, खडक बोहोरा, दीपक बोहोरा, प्रदीप चन्द, हिमाल दौल्याल, जनक सुनार, दीपक चन्द, लोकेश चन्द, सुमित बुडाल र सल्लाउद्धिन खान रहेका छन्। टोलीको प्रशिक्षकमा दीपेन्द्रबहादुर चन्द र व्यवस्थापकमा जीवन शाही रहेका छन्।

बैतडीले आफ्नो पहिलो खेल यही माघ २० गते सिवाईसी अत्तरियासँग खेल्ने छ। सुदूरपश्चिम प्रदेशको क्रिकेटमा उल्लेखनीय योगदान दिएका अर्जुन खड्काको स्मृतिमा 'अर्जुन ट्रफी' आयोजना गर्न लागिएको हो। प्रतियोगिताको विजेताले रु १० लाख र उपविजेताले रु पाँच लाखसहित ट्रफी पाउनेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले रु एक लाख पुरस्कार प्राप्त गर्नेछन्। उत्कृष्ट ब्याटर, उत्कृष्ट बलर र उदीयमान खेलाडीले जनही रु ५० हजार पुरस्कार पाउने छन्। प्रतियोगितामा देशभरका आठ टोलीको सहभागिता रहने छ।

# तेन्जिङ नोर्गे शेर्पा खुल्ला आरोहण प्रतियोगिता सम्पन्न




■ प्रभाव संवाददाता

**काठमाडौं–** यूएस-नेपाल क्लाइम्बर एशोसिएसन र नेपाल राष्ट्रिय पर्वतारोहण पद प्रदर्शक संघको संयुक्त आयोजनामा सुरु गरिएको तेन्जिङ नोर्गे शेर्पा ओपन क्लाइमिङ कम्पिटिशन(खुल्ला आरोहण प्रतियोगिता)को दोस्रो संस्करण सम्पन्न भएको छ। बौद्धस्थित क्रिम्पान्जी एड्भेन्चर हबमा भएको फाइनल प्रतियोगिताको लागि आठ जना पुरुष र आठ जना महिला चयन भएका थिए।

पुरुषतर्फ भिन्सेन्ट साब्लिचले पहिलो स्थान हासिल गरे भने दिपन गुरुङ दोस्रो, पाउल शिमट तेस्रो, छेरेङ ग्याल्जेन शेर्पा चौथो र साजन लामा पाँचौं स्थानमा रहे। त्यस्तै, महिलातर्फ टमसिन हन्टले पहिलो स्थान हासिल गर्दा मिङ्मा याङ्जी शेर्पा दोस्रो, फुरा डिकी शेर्पा तेस्रो, सन्तोषी मगर चौथो र दिपा लामिछाने पाँचौं स्थानमा रहे। विजेताहरूलाई राष्ट्रिय खेलकुद परिषद् नेपालका सदस्य सचिव टंकलाल घिसिङले प्रमाणपत्र र नगद पुरस्कार वितरण गरे।

प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्ने महिला/पुरुषले क्रमशः ४५ हजार, ३० हजार र १५ हजार नगद पुरस्कार प्राप्त गरे। दुबै विधाका चौथो र पाँचौं स्थान प्राप्त गर्ने खेलाडीहरूले गिफ्ट ह्याम्पर प्राप्त गरे। पुरुष र महिलातर्फका सबैभन्दा कान्छा र जेष्ठ सहभागीलाई पनि गिफ्ट ह्याम्पर प्रदान गरिएको थियो।

# ट्रम्पको क्यानाडा, मेक्सिको र चीनमाथिको भन्सार महसुल समयसीमाको प्रतीक्षामा संसार

**वासिङ्टन–** राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाका तीन सबैभन्दा ठूला व्यापारिक साझेदार क्यानाडा, मेक्सिको र चीनमाथि व्यापक भन्सार महसुल लगाउने समयसीमा २४ घन्टाभन्दा कम समय बाँकी रहँदा विश्व अर्थतन्त्र यसको प्रभावकका लागि तयार हुँदै छ । यस महिना पदभार ग्रहण गरेको केही समयपछि ट्रम्पले छिमेकी क्यानाडा र मेक्सिकोले अमेरिकी सीमा पार गर्ने अवैध आप्रवासीहरू र घातक फेन्टानलको प्रवाहमाथि कडा कारबाही नगरे फेब्रुअरी १ मा ती मुलुकमा २५ प्रतिशत कर लगाउने योजना बनाएको बताए ।

उनले फेन्टानलकै कारण शनिबारदेखि नै चिनियाँ वस्तुहरूमा थप १० प्रतिशत शुल्क लगाउने विचार गरिरहेको पनि बताए । बिहीबार उनले तीनवटै देशमा कर लगाउने आफ्नो प्रतिबद्धता दोहोर्‍याए । त्यसै दिन पछि उनले ब्रिक्स राष्ट्रहरूले अमेरिकी डलरको प्रतिस्पर्धी मुद्रा सिर्जना गरे सतप्रतिशत शुल्क लगाउने धम्की दिए । ब्रिक्स राष्ट्रमा ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका रहेका छन् ।

हेरोइनभन्दा धेरै गुणा शक्तिशाली फेन्टानल एक वर्षमा अति मात्रा सेवनका कारण हुने दशौं हजार मृत्युका लागि जिम्मेवार रहेको छ । बेइजिङले यस घातक व्यापारमा आफ्नो संलग्नताको दाबीलाई पहिले नै खारेज गरेको छ । त्यस्तै क्यानाडाले संयुक्त राज्य अमेरिका प्रवेश गर्ने कागजातविहीन आप्रवासीहरू र फेन्टानलको एक प्रतिशतभन्दा कम मात्र उत्तरी सीमा हुँदै आउने भन्दै प्रतिवाद गरेको छ ।

जेपी मोर्गनका विश्लेषकहरू भन्सार महसुलको प्रतीज्ञा संयुक्त राज्य अमेरिका, मेक्सिको र क्यानाडाबीच व्यापार सम्झौताको पुनर्वार्ता गतिशील बनाउन 'सौदाबाजीको साधन' हो भन्ने विश्वास गर्छन् । 'यद्यपि दशकौं लामो स्वतन्त्र व्यापार क्षेत्रलाई सम्भावितरूपमा ध्वस्त पार्नु एउटा ठूलो धक्का हुनसक्छ,' जेपी मोर्गनको हालैको टिप्पणीमा उल्लेख छ । जेपी मोर्गनका अनुसार ट्रम्पको पहिलो कार्यकालबाट एउटा पाठ के थियो भने नीति परिवर्तनहरू छोटो सूचनामा घोषणा वा धम्की दिन सकिन्थ्यो । अमेरिकी व्यवसायहरूले विदेशबाट खरिद गर्दा सरकारलाई शुल्क तिर्छन् र आर्थिक भार आयातकर्ता, विदेशी आपूर्तिकर्ता वा उपभोक्ताहरूमा पर्न सक्छ ।

### मन्दीको जोखिम

कर्नेल विश्वविद्यालयका सहायक प्राध्यापक वेन्डोङ झाङले क्यानाडा र मेक्सिकोले सबैभन्दा बढी २५ प्रतिशतभन्दा कम अमेरिकी कर र दुवै देशबाट समानुपातिक प्रतिशोधको सामना गर्नुपर्ने बताए ।

'क्यानाडा र मेक्सिकोले क्रमशः वास्तविक जिडिपी (कूल गार्हस्थ्य उत्पादन) को तीन दशमलव छ प्रतिशत र दुई प्रतिशत गुमाउने छन् भने अमेरिकाले वास्तविक जिडिपीको शून्य दशमलव तीन प्रतिशत गुमाउने छ,' उनले भने ।

अक्सफोर्ड इकोनोमिक्सका टोनी स्टिलोका अनुसार व्यापक अमेरिकी भन्सार महसुल र ओटावाको समान प्रतिक्रियाले क्यानाडालाई यस वर्ष मन्दीमा पुर्‍याउन सक्छ र संयुक्त राज्य अमेरिकाले पनि हल्का मन्दीको जोखिम मोल्न सक्छ । मेक्सिकोले पनि यस्तै अवस्थाको सामना गर्नसक्ने अक्सफोर्ड इकोनोमिक्सका टिम हन्टरले बताए ।

क्यानाडा र मेक्सिकोमा लगाइएको करमा कच्चा तेल आयातलाई समावेश गर्ने कि नगर्ने भनेर बिहीबार निर्णय गर्ने अपेक्षा गरिएको भन्दै ट्रम्पले त्यहाँ अपवाद हुन सक्छ कि भनेर स्पष्ट नभएको बताए । क्यानाडा र मेक्सिकोले अमेरिकी कच्चा तेल आयातको ७० प्रतिशतभन्दा बढी आपूर्ति गर्दछन् । यसमा करिब ६० प्रतिशत अमेरिकी आयात क्यानाडाबाट मात्रै हुने गरेको कंग्रेसनल रिसर्च सर्भिसको प्रतिवेदनले जनाएको छ ।

स्टिलोले भने, 'क्यानाडाले निर्यात गर्ने र अमेरिकामा परिस्कृत गरिने भारी तेलका लागि अमेरिकामा सजिलो विकल्पहरू छैनन् ।' पिटरसन इन्स्टिच्युट फर इन्टर नेसनल इकोनोमिक्स (पिआइआइई) का अनुसार दुवै देशबाट हुने अमेरिकी व्यापारिक सामानको आयात धेरै हदसम्म शुल्कमुक्त वा औसतमा धेरै कम दरमा हुन्छ । पिआइआइईको बिहीबारको प्रतिवेदनअनुसार भन्सार महसुल वृद्धिले औद्योगिक खरिदकर्ता र उपभोक्ता दुवैलाई धक्का दिनेछ र यसले मेसिनरीदेखि फलफूलसम्म सबै कुरालाई प्रभावित गर्ने छ । यस हप्ता क्यानाडाका अधिकारीहरूले ओटावाले अमेरिकी शुल्क लागू भएमा कामदार र व्यवसायहरूलाई महामारी-स्तरको वित्तीय सहयोग प्रदान गर्ने बताएका थिए ।

प्रधानमन्त्री जस्टिन ट्रुडोले बुधबार ओटावाले भन्सार महसुल रोक्न काम गरिरहेको र कडा प्रतिक्रिया दिन तयार रहेको बताएका थिए । मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबामले आफ्नो देश भन्सार महसुलबाट बच्न सक्ने कुरामा आफू विश्वस्त रहेको बताए । ट्रम्पका वाणिज्यमन्त्री मनोनीत हावर्ड लुटनिकले बुधबार यदि क्यानाडा र मेक्सिकोले आप्रवासन र फेन्टानलमा कार्य गरे भने 'कुनै शुल्क लाग्ने छैन' भने ।

### ठूलो सम्झौता

ट्रम्पले चिनियाँ वस्तुहरूमाथि नयाँ भन्सार महसुल लगाउने विचार पनि गरिरहेका छन् । बिहीबार उनले यसबारे विचार गरिरहेको बताए । ह्वाइट हाउसकी प्रवक्ता क्यारोलिन लेभिटले यस हप्ता पत्रकारहरूलाई भनिन्, 'राष्ट्रपतिले भन्नुभएको छ कि उनले फेब्रुअरी १ का लागि त्यसबारे अझै पनि गम्भीरतापूर्वक विचार गरिरहेका छन् ।'

बेइजिङले आफ्नो 'राष्ट्रिय हित' को रक्षा गर्ने प्रतीज्ञा गरेको छ र विदेश मन्त्रालयकी एक प्रवक्ताले पहिले नै 'व्यापार युद्धमा कोही पनि विजेता हुँदैन' भन्दै चेतावनी दिएकी थिइन् । निर्वाचन प्रचार अभियानमा ट्रम्पले चिनियाँ आयातमा ६० प्रतिशत वा सोभन्दा बढी भन्सार महसुल लगाउने विचार उठाएका थिए । वित्तीय सेवा कम्पनी बिटिआइजीका आइज्याक बोल्टान्स्कीले चिनियाँ सामानहरूमा 'क्रमिक भन्सार महसुल वृद्धि' देख्ने अपेक्षा गरेका छन् । यसमा उपभोक्ता वस्तुहरूमा कम वृद्धि हुने सम्भावना छ । 'हाम्रो बुझाइमा ट्रम्प चीनसँग फाइदा र धम्कीको बीचमा घुम्नुहुनेछ, जसको अन्तिम लक्ष्य उनको कार्यकाल समाप्त हुनुअघि कुनै प्रकारको ठूलो सम्झौता गर्नु हो,' उनले हालैको एक टिप्पणीमा भने । *रासस/एएफपी*



## ब्रिक्स शुल्कको खतरा दोहोर्‍याउँदै ट्रम्प

**वासिङ्टन–** क्यानाडा र मेक्सिकोमाथि भन्सार महसुल लगाउने समय सीमा नजिकिँदै गर्दा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार ब्रिक्स राष्ट्रहरूमा सतप्रतिशत कर लगाउने आफ्नो धम्की दोहोर्‍याएका छन् ।

यसअघि ट्रम्पले ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकासहितका ब्रिक्स राष्ट्रहरूलाई अमेरिकी डलरको प्रतिस्पर्धी मुद्रा सिर्जना गरेमा सतप्रतिशत कर लगाउने धम्की दिएका थिए ।

'ब्रिक्स देशहरूले डलरबाट टाढा जाने प्रयास गरिरहेको र हामी हेरेर बस्ने अवस्था अब समाप्त भएको छ,' उनले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेखे, 'हामी यी देखिने रूपमा सत्रुवत् देशहरूबाट प्रतिबद्धता माग्ने छौं कि उनीहरूले न त नयाँ ब्रिक्स मुद्रा सिर्जना गर्ने छन्, न त शक्तिशाली अमेरिकी डलरको प्रतिस्थापन गर्न कुनै अन्य मुद्रालाई समर्थन गर्ने छन्, अन्यथा उनीहरूले सतप्रतिशत भन्सार महसुलको सामना गर्नुपर्ने छ ।'

ब्रिक्स भन्सार महसुलबारे ट्रम्पको टिप्पणी पद आसीन भएलगत्तै तोकिएको फेब्रुअरी १ को समय सीमाभन्दा केही दिनअघि आएको छ । जसअनुसार छिमेकी क्यानाडा र मेक्सिकोले अमेरिकी सीमा पार गर्ने अवैध आप्रवासीहरू र घातक फेन्टानलको प्रवाहमाथि कडा कारबाही नगरे तिनीहरूमाथि २५ प्रतिशत भन्सार महसुल लगाउने बताएका छन् ।

ट्रम्पले छुट्टै ब्रिक्स समूहको सदस्य चीनमाथि व्यापार असन्तुलन र अमेरिकी फेन्टानल आपूर्तिमा कथित भूमिकाका कारण फेब्रुअरी १ देखि नै वस्तुहरूमा थप १० प्रतिशत कर लगाउने धम्की दिएका छन् । *रासस/एएफपी*

# म्यान्मामा थप छ महिना संकटकाल

**यांगुन–** म्यान्माको जुन्ता प्रशासनले सत्ता सम्हालेको चार वर्षपछि शुक्रबार संकटकालीन अवस्थालाई थप छ महिनाका लागि लम्ब्याएको छ । सन् २०२१ को फेब्रुअरी १ मा भएको रक्तपातपूर्ण र बहुपक्षीय द्वन्द्वमा देश फसेको छ, जसले १० वर्ष लामो लोकतान्त्रिक शासनको अन्त्य गरेको थियो ।

देशको उत्तर र पश्चिममा जातीय अल्पसंख्यक सशस्त्र समूहहरूको गठबन्धनका कारण विगत एक वर्षमा युद्धभूमिमा भएको क्षतिको शृंखलाले गर्दा सेनाले आफ्नो शासनविरुद्ध सशस्त्र प्रतिरोधलाई नियन्त्रण गर्न संघर्ष गरिरहेको छ ।

सेनाप्रमुख मिन आङ ह्लाइङको अध्यक्षतामा रहेको सत्तारुढ सैन्य परिषद्ले सर्वसम्मतरूपमा म्याद थप गर्ने निर्णय गरेको जुन्ताको सञ्चार समूहले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिमा भनिएको छ, 'सन् २००८ को संविधानको धारा ४२५ अनुसार राष्ट्रिय सुरक्षा र सुरक्षा परिषद्का प्रमुख र कार्यवाहक राष्ट्रपतिसहित सबै सदस्यले एकसाथ संकटकालीन अवस्थालाई थप छ महिनाका लागि लम्ब्याउने निर्णय गरेका छन् ।

संकटकालीन अवस्थामा निर्वाचन हुन सक्दैन, त्यसैले सन् २०२५ मा हुने भनिएको लामो समयदेखिको वाचाअनुसारको निर्वाचन वर्षको उत्तरार्द्धसम्म हुने छैन । मिन आङ ह्लाइङले सत्तारुढ परिषद्लाई आपत्कालीन अवस्था हटाउन र निर्वाचन सम्पन्न गर्नुअघि 'शान्ति र स्थिरता अझै आवश्यक रहेको' बताएका छन् ।

सन् २०२० मा आङ सान सुकीको नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) ले भारी मतान्तरले जितेको चुनावमा धाँधलीको आरोप लगाउँदै सेनाले सत्ता कब्जा गरेको थियो । स्थापित जातीय अल्पसंख्यक सशस्त्र समूह र नयाँ प्रजातन्त्र समर्थक 'पिपुल्स डिफेन्स फोर्सेज' सँग लडेपछि यसले धेरै पटक संकटकालीन अवस्थाको विस्तार गरेको छ । *रासस/एएफपी*

# आज तीन इजरायली बन्धक रिहा हुँदै

**जेरुसेलम–** इजरायल र प्यालेस्टिनी इस्लामी लडाकू समूह (हमास) बीच भएको गाजाब युद्धविराम सम्झौताअनुसार चौथो बन्धक-कैदी आदानप्रदान शनिबार हुनेभएको छ । शनिबार रिहा गरिने इजरायली बन्धकको सूची प्राप्त भएको इजरायली प्रधानमन्त्रीको कार्यालयले जनाएको छ ।

'इजरायलले भोलि हमासको कब्जाबाट मुक्त हुने अपेक्षा गरिएका बन्धकहरूको सूची प्राप्त गरेको छ । सूचीको पुनरावलोकन र परिवारलाई अद्यावधिक गरेपछि विस्तृत प्रतिक्रिया दिइने छ,' प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयद्वारा शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

यो समाचार तयार पार्दासम्म रिहा हुने बन्धकको नाम सरकारले औपचारिकरूपमा सार्वजनिक गरिसकेको छैन । विज्ञप्तिमा अगाडि भनिएको छ, 'सबै बन्धक परिवारलाई आइडिएफ (सैन्य) सम्पर्क अधिकारीहरूले अपहरितहरूको नामसहित अद्यावधिक गरेका छन् ।'


शनिबार सार्वजनिक हुने सबै जीवित इजरायली पुरूष बन्धक रहेको पनि बताइएको छ । गत जनवरी १९ देखि युद्धविराम लागू भएयता प्यालेस्टाइनी लडाकुले अहिलेसम्म १५ जना बन्धकलाई मुक्त गरिसकेका छन् भने बदलामा इजरायलले २९० प्यालेस्टिनी कैदीलाई रिहा गरेको छ । *रासस/एएफपी*

# अमेरिकाको घातक हवाई दुर्घटनामा सबै ६७ जनाको मृत्यु

**अर्लिङ्टन (भर्जिनिया, अमेरिका)–** आकाशमै एउटा सैनिक हेलिकप्टर र एउटा यात्रुवाहक विमान ठोक्किँदा दुवै विमानमा सवार सबै ६७ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

बुधबार राति रोनाल्ड रेगन राष्ट्रिय विमानस्थलमा अवतरण गर्दै गरेको अमेरिकन एयरलाइन्सको क्षेत्रीय जेट विमानको मार्गमा हेलिकप्टर उडेपछि पोटोमाक नदीको चिसो पानीबाट कम्तीमा २८ शव निकालिएको अधिकारीहरूले बताए । विमानस्थल वासिङ्टनबाट नदीपारि छ । विमानमा ६० यात्रु र चार चालक दलका सदस्य थिए भने हेलिकप्टरमा तीन सैनिक थिए ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले ह्वाइट हाउस पत्रकार सम्मेलनमा कोही पनि जीवित नबचेको बताए । 'अब हामी उद्धार कार्यबाट शव निकाल्ने कार्यमा रूपान्तरण भइरहेका छौं,' राजधानीका दमकल प्रमुख जोन डोनेलीले भने । ह्वाइट हाउस र क्यापिटलको दक्षिणमा तीन माइल (लगभग ४.८ किलोमिटर) भन्दा बढी विश्वको सबैभन्दा कडा नियन्त्रण र निगरानी गरिएको एयरस्पेसमा राति ९ बजेभन्दा पहिले दुर्घटना भएको थियो ।



हवाई दुर्घटनाको अनुसन्धानमा महिनौं लाग्न सक्छ र संघीय अनुसन्धानकर्ताहरूले पत्रकारहरूलाई उनीहरूले कारणबारे अनुमान नगर्ने बताए ।

राष्ट्रिय यातायात सुरक्षा बोर्डका अनुसन्धानकर्ताहरूले बोम्बार्डियर सिआरजे७०० विमानबाट ककपिट भ्वाइस रेकर्डर र फ्लाइट डाटा रेकर्डर बरामद गरेको एजेन्सीका प्रवक्ता पिटर नुडसनले बताए । उनीहरू ती मूल्यांकनका लागि एजेन्सीको प्रयोगशालामा छन् । डोनेलीका अनुसार विमान कम्मरसम्मको पानीमा तीन खण्डमा उल्टो अवस्थामा फेला परेको थियो र प्रथम प्रतिक्रियाकर्मीहरूले पोटोमाकको माइलौं क्षेत्र खोजिरहेका छन् । हेलिकप्टरको भग्नावशेष पनि फेला परेको छ । नदीका तस्बिरहरूमा आंशिकरूपमा डुबेको पखेटा र विमानको फ्युजलाजको क्षतविक्षत भग्नावशेष वरिपरि डुंगाहरू देखिन्छन् ।

अमेरिकन एयरलाइन्सका सिइओ रोबर्ट इसोमले जेटको 'सैन्य विमान बाटोमा आएपछि' विमान सामान्य अवतरणको तयारीमा रहेको बताए ।

एसोसिएटेड प्रेसले प्राप्त गरेको संघीय उड्डयन प्रशासनको प्रतिवेदन अनुसार दुर्घटना हुँदा एक एयर ट्राफिक कन्ट्रोलर हेलिकप्टर यातायात र आउने-जाने विमानहरूको समन्वय गर्न जिम्मेवार थिए । यी जिम्मेवारी प्रायः दुई व्यक्तिबीच विभाजित गरिन्छ तर यातायात कम हुन थालेपछि विमानस्थलले साँझ ९:३० बजे यी भूमिकाहरू एकीकृत गर्छ । बुधबार टावर सुपरभाइजरले तिनलाई चाँडै नै एकीकृत गर्न निर्देशन दिएका थिए ।

'दिनको समय र ट्राफिकको मात्राका लागि स्थिति पद व्यवस्था सामान्य थिएन,' प्रतिवेदनमा भनिएको छ । यद्यपि यस मामिलासँग परिचित एक व्यक्तिले त्यस रात टावरमा कर्मचारीहरू सामान्यस्तरमा रहेको बताएका छन् । आन्तरिक प्रक्रियाहरूबारे छलफल गर्न नाम न छाप्ने सर्तमा बोल्दै उनले भने, 'कन्ट्रोलरहरूलाई कन्सोलबाट ब्रेकका लागि टाढा जानुपर्दा, सिफ्ट परिवर्तन हुँदा वा हवाई यातायात कम हुँदा यी पदहरू नियमित रूपमा एकीकृत गरिन्छ ।' संघीय उड्डयन प्रशासन लामो समयदेखि एयर ट्राफिक कन्ट्रोलरहरूको कमीसँग जुधिरहेको छ । *रासस/एपी*


## आन्तरिक काठ बिक्री वितरण सम्बन्धबी सूचना

**सूचना प्रकाशित मिति: २०८१/१०/१९**

यस सप्तमाला सा.व.उ., दु.न.पा-१४ सिन्धुलीको आ.व. २०८१/०८२ मा डिभिजन वन कार्यालय सिन्धुलीको च.नं. १४०५ मिति २०८१/१०/१५ गतेको कटान सहमति अनुशार कटान मुछान गरी घाटगद्धीमा रहेको साल जातकोगोलिया ३९४३.१७ क्यू.फिट काठ दाउरा ४.२० चट्टा आवश्यक समूहभित्रका उपभोक्ता साथै छिमेकी समूहका उपभोत्ताहरूले १५ दिनभित्र समूहमा आई निवेदन दिनु होला ।

**श्री सप्तमाला सामुदयिक वन उभोक्ता समूह**
**दुधौली नगरपालिका वडा नं. १४, सिन्धुली**

## आन्तरिक काठ बिक्री वितरण सम्बन्धबी सूचना

**सूचना प्रकाशित मिति: २०८१/१०/१९**

यस सुनौलो सा.व.उ., दु.न.पा-१४ सिन्धुलीको आ.व. २०८१/०८२ मा डिभिजन वन कार्यालय सिन्धुलीको च.नं. १४०२ मिति २०८१/१०/१५ गतेको कटान सहमति अनुशार कटान मुछान गरी घाटगद्धीमा रहेको साल जातका गोलिया ४१७०.६५ क्यू.फिट काठ दाउरा ४.४६ चट्टा आवश्यक भएका उपभोक्ता साथै छिमेकी समूहका उपभोत्ताहरूले १५ दिनभित्र समूहमा आई निवेदन दिनु होला ।

**श्री सुनौलो सामुदयिक वन उभोक्ता समूह**
**दुधौली नगरपालिका वडा नं. १४, सिन्धुली**

## आन्तरिक काठ बिक्री वितरण सम्बन्धबी सूचना

**सूचना प्रकाशित मिति: २०८१/१०/१९**

यस पुष्पाञ्जली सा.व.उ., दु.न.पा-१३ सिन्धुलीको आ.व. २०८१/०८२ मा डिभिजन वन कार्यालय सिन्धुलीको च.नं. १४०१ मिति २०८१/१०/१५ गतेको कटान सहमति अनुशार कटान मुछान गरी घाटगद्धीमा रहेको साल जातको गोलिया १०००.७८ क्यू.फिट काठ दाउरा १.६८ चट्टा आवश्यक भएका उपभोक्ता साथै छिमेकी समूहका उपभोत्ताहरूले १५ दिनभित्र समूहमा आई निवेदन दिनु होला ।

**श्री पुष्पान्जली सामुदयिक वन उभोक्ता समूह**
**दुधौली नगरपालिका वडा नं. १३, सिन्धुली**

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६२८०० | प्रति तोला – ० | प्रति तोला – १९१५ |



**बजार लैजाने तयारी** | भोजपुरका किसानले बिक्रीका लागि बाहिर पठाउने तयारीमा संकलन गरेको सुन्तला । स्थानीय बजारमा प्रतिकेजी एक सय देखि एक सय ५० सम्म सुन्तला बिक्री हुने गरेको छ ।

*तस्बिरः युवराज विष्ट/रासस*

## सहकारीलाई स्वनियमनमा लैजान आधार तयार पारिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष अर्जुनप्रसाद पोखरेलले सहकारीलाई स्वनियमनमा लैजान आधार तयार पार्न लागिएको बताएका छन् ।

अध्यादेशबाट सहकारी ऐन, २०७४ संशोधन गरी कानुन बनाएर प्राधिकरणको विधिवत् स्थापना भएपछि राजधानीमा आयोजित सञ्चारकर्मीलगायत सहकारी अभियानका अभियानकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा उनले सिद्धान्तअनुसार सहकारी आफैँ स्वयनियमनमा बस्नुपर्नेमा जोड दिए । सहकारी स्वनियमनमा नबसे प्राधिकरणले कानुनी कारबाहीको दायरामा ल्याएर नियमन अघि बढाउने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सचिवसमेत रहेका पोखरेलले बताए ।

शून्यमा सहकारीलाई स्वनियमन गर्न नसकिने भएकाले प्राधिकरणले आधार तय गर्न लागेको जानकारीसमेत उनले गराए । विधिवत् सपथ गरी पदभार ग्रहण गरेर प्राधिकरणको पहिलो बैठक बसी १५ वटा निर्णयसहित अघि बढेको अध्यक्ष पोखरेले बताए । हाल बचतकर्ताको पैसा दुरूपयोग गरी छ सयभन्दा बढी सहकारीकर्मी जेलमा बसेको र एक हजार पाँच सय जना सहकारी अभियानकर्मी बेपत्ता भएको जानकारी पनि उनले गराए ।

सहकारीमा बचत गरी पैसा नपाएकालाई बचत फिर्ता गराउने आधार तयार गर्न पनि प्राधिकरणले काम गर्ने जनाइएको छ । तीनै तहका सरकारको कार्यक्षेत्रमा रहेका करिब ३४ हजार सहकारीमा सुशासन कायम गराउनु प्राधिकरणको मुख्य उद्देश्य रहेको पनि अध्यक्ष पोखरेलले बताए ।

राष्ट्रिय सहकारी महासङ्घ लिमिटेडका अध्यक्ष ओमदेवी मल्लले सहकारी ऐन, २०७४ मा भएको व्यवस्थाअनुसार कर्जा सूचना केन्द्र समयमा गठन हुन नसक्दा सहकारीको करोडौँ रूपैयाँ जोखिममा परेको बताए । कर्जा असुली न्यायाधीकरण गठन भएपछि सहकारीमा डुबेको पैसा उठ्न थाल्ने उनको भनाइ थियो ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड (नेफ्स्कुन) का अध्यक्ष चन्द्रप्रसाद ढकालले सहकारी समस्या समाधान गर्न भनी आएको अध्यादेशमा बचत फिर्ता गर्ने विषय उल्लेख हुन नसकेको बताए । सदस्य र शेयर सदस्य भनी फरकफरक उल्लेख गरिएकाले दुवैको परिभाषा आवश्यक रहेको पनि उहाँको भनाइ थियो । बचत र ऋणको कारोबार गर्ने तथा अन्य सहकारीबीच फरक छुट्याउनुपर्नेमा पनि अध्यक्ष ढकालले जोड दिएका थिए ।

बागमती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ नेपाल (प्रोस्कुन) का अध्यक्ष उद्धव सापकोटाले अध्यादेशमा कार्य क्षेत्रका आधारमा सीमा तोकिनु उचित नभएकाले यसलाई संशोधन गरिनुपर्नेमा जोड दिए । अर्को जिल्लामा भएको जायजेथा धितो राख्न नपाउने व्यवस्था पनि व्यावहारिक नभएको उनको भनाइ थियो ।

## ‘मिल्क होलिडे’ हुनबाट रोक्दै दुग्ध उद्योग

**चितवन–** भरतपुर महानगरपालिका-१ ठिमुरास्थित चितवन मिल्क उद्योग छ । यहाँ आज बिहान पनि दूध बोकेका ट्यांकरको लामो लाइन लागेको थियो । सहकारी र निजी डेरी फार्महरूले संकलन गरेको दूध बजारमा खपत हुन नसकेपछि ती ट्यांकरहरू उद्योगमा दूध बोकेर आएका थिए । बजारमा दूध खपत नभएपछि प्रशोधन गरेर धुलो बनाउन ती ट्यांकर यहाँ आएका हुन् ।

नेपाल डेरी उद्योग सङ्घका केन्द्रीय अध्यक्ष राजकुमार दाहाल यसरी आएको दूध उक्त उद्योगले प्रशोधन नगरेको भए दूध फाल्नुको विकल्प नहुने बताउँछन् । उनले भने, ‘चितवन मिल्क नभएको भए तपाईंले आज बिहान देखेको ट्यांकरको दूध खोलामा फाल्नुको विकल्प थिएन ।’

केही वर्षअघिसम्म दूध धेरै उत्पादन हुने समयमा मिल्क होलिडे गर्ने गरिएको थियो । अध्यक्ष दाहालका अनुसार पछिल्लो आँकडाअनुसार नेपालमा दैनिक ७५ लाख लिटर दूध उत्पादन हुने गर्दछ । त्यसमध्ये आधा दूध घर र बाँकी व्यावसायिक प्रयोजनमा प्रगोग हुने गरेको छ । व्यावसायिक प्रयोजनमा प्रयोग हुनेमध्ये ३३ प्रतिशत दुग्ध विकास संस्थानसहित व्यावसायिक उद्योगहरूमा प्रशोधन गरे र बजारमा पठाइन्छ भने बाँकी स्थानीय डेरी पसलले प्रशोधन नगरी बजारमा पठाउने गरेका छन् । वैशाखदेखि असोजसम्म दूधको उत्पादन कम हुने गर्दछ । यो समयमा अरू बेलाको तुलनामा ४० प्रतिशतसम्म दूध कम हुने आँकडा छ । बढी उत्पादन भएको बेला दूधलाई प्रशोधन गरेर पाउडर र बटर बनाउने गरिन्छ ।

नेपालमा चितवन मिल्कसहित पोखराको सुजल, भक्तपुरको शिवपुरी, विराटनगरको सूर्योदय र सगरमाथासँगै बागमती प्रदेशको हेटौँडा डेरीले दूधको धुलो बनाउने गरेका छन् । क्षमताको हिसाबले चितवन मिल्कले सबैभन्दा बढी प्रशोधन गर्ने गरेको नेपाल डेरी उद्योग सङ्घले जनाएको छ । मङ्सिर र पुस महिनामा दैनिक दुई लाख ५० हजार लिटर दूध प्रशोधन हुने गरेकामा माघ लागेपछि सबै उद्योगले गरी दैनिक दुई लाख लिटर दूध प्रशोधन हुँदै आएको छ । चितवन मिल्कले भने दैनिक ८० हजार लिटर दूध प्रशोधन गर्दै आएको छ । उद्योगका प्रबन्धक दुर्गा पराजुलीका अनुसार उद्योगले एक ‘सिफ्ट’मा एक लाख लिटरसम्म दूध प्रशोधन गर्न सक्छ भने २४ घण्टा सञ्चालन गर्दा दुई लाख लिटर दूध प्रशोधन हुन्छ । उपकरणमा केही खराबी देखिएकाले अहिले एक सिफ्टमा ८० हजार लिटर मात्रै प्रशोधन गरिँदै आएको उनले जानकारी दिए । प्रबन्धक पराजुलीले भने, ‘हामीले यो बेला प्रशोधन नगर्ने हो भने किसानले मिल्क होलिडे बेहोर्नु पर्छ ।’

हाल सो उद्योगमा देशैभरबाट दूध आउने गरेको छ । १२ वटा सहकारी संस्था र करिब ५० वटा निजी डेरीले यहाँ दूध पठाउने गरेका छन् । विसं २०७५ सालदेखि उद्योगले डेरी र सहकारीको दूध शुल्क लिएर प्रशोधन गरिरहेको प्रबन्धक पराजुलीले जानकारी दिए । उनका अनुसार प्रतिलिटर पाउडर दूधको रु एक सय १३ र घ्यू (बटर) को प्रतिकिलो रु ५५ लिएर उद्योगले प्रशोधन गर्दै आएको छ । विसं २०६४ मा स्थापना गरिएको उक्त उद्योग भूकम्पसँगै बन्द भए पनि पुनः सञ्चालनमा आएको थियो । *रासस*

## बक्यौता तिर्न सरकारलाई सुझाव

**काठमाडौं (प्रस)–** लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का सांसद सर्वेन्द्रनाथ सुक्लाले निजी क्षेत्रको रु ५० अर्ब बक्यौता तिर्न नसकिएकाले समस्या समाधान गर्न सरकारलाई सुझाव दिएका छन् ।

प्रतिनिधिसभाको बैठकमा सुक्लाले अर्थतन्त्रमा सुधार भएको भनिए पनि धरातलमा जनताले महसुस गर्न नसकेको बताएका छन् । उनले भने, ‘अर्थतन्त्र सुधार भएको भन्ने तथ्यांक त छ तर यो कतै मिथ्यांक त होइन ? निजी क्षेत्र संकटमा गइरहेको छ । लगानीको वातावरण छैन । जबसम्म निजी क्षेत्र लगानीका लागि उत्साहित हुँदैन तबसम्म अर्थतन्त्र चलायमान हुँदैन ।’

## ऊर्जा दक्षता कार्यक्रमको संशोधित कार्यान्वयन सम्झौतामा हस्ताक्षर

■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)–** ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यको उपस्थितिमा ‘ऊर्जा दक्षता परियोजना’सम्बन्धी संशोधित कार्यान्वयन सम्झौतामा हस्ताक्षर भएको छ ।

ललितपुरमा आयोजित समारोहमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र जर्मन प्राविधिक सहयोग संस्था (जिआइजेड) को नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रमबीच नेपालमा दिगो ऊर्जामार्फत पुनःप्राप्ति एवं सशक्तिकरण कार्यक्रमको दोस्रो संशोधित कार्यान्वयन सम्झौतामा हस्ताक्षर भएको हो ।

सम्झौतापत्रमा ऊर्जा मन्त्रालयका सहसचिव जीवच्छ मण्डल, जिआइजेडका नेपाल देशीय प्रतिनिधि पाउलिना क्याम्पोस मोन्ट्रेरस र कार्यक्रम व्यवस्थापक डा फ्याङक फेचरले हस्ताक्षर गरेका हुन् । हस्ताक्षर समारोहमा नेपालका लागि युरोपियन युनियनका प्रतिनिधि जोसे लुइस विनुएसा-सान्तामारिया, जर्मन दूतावासका उपप्रमुख बेन्जामिन साइडललगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति थियो ।

जर्मन सरकारको छ मिलियन सहयोगमा सञ्चालन हुने उक्त परियोजनाले नेपालको नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतामा सङ्घीय, प्रदेश र स्थानीय सरकारको क्षमता अभिवृद्धि एवं प्राविधिक सम्भाव्यता अध्ययनमा सहयोग गर्ने सम्झौता भएको मन्त्रालयका सचिव आचार्यले जानकारी दिए । परियोजनामार्फत नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतामा निजी क्षेत्रलाई सक्षम बनाउन वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै बुटवल, पोखरा, भैरहवा क्षेत्रमा जलवायुमैत्री प्रविधिको प्रयोग गरी विद्युत् खपत बढाउन आवश्यक नीतिगत एवं प्रविधिको प्रवर्द्धनमा सहयोग गर्ने उनले बताए । उनका अनुसार परियोजनाको अवधि तीन वर्ष रहने छ ।

मन्त्रालयका सचिव आचार्यले परियोजनाले नेपालको ऊर्जा क्षेत्रमा विकासको नयाँ मार्गचित्र तय भएको बताए । ‘ऊर्जा विकास तथा नवीकरणीय ऊर्जा रणनीति कार्यान्वयनमा थप टेवा पुग्ने विश्वास छ, यसले नेपालमा ऊर्जा दक्षताका लागि महत्वपूर्ण आधारशिला तयार हुनेछ, युरोपियन युनियन, जर्मन सरकार, जिआइजेडलगायत साझेदार निकायलाई धन्यवाद दिन चाहन्छौँ । जर्मन सरकार र जिआइजेडले ऊर्जा क्षेत्रमा गरेको सहयोग महत्वपूर्ण छ’, उनले भने ।

उनले सरकारले अबको १० वर्षपछि अर्थात् सन् २०३५ सम्म कूल २८ हजार सात सय १३ मेगावाट विद्युत् उत्पादनको लक्ष्य लिएको जानकारी गराउँदै यो तीन वर्षे परियोजनाको सहयोगले उक्त लक्ष्य पूरा गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे । सचिव आचार्यले चाल् संसद्बाट ऊर्जा विकाससम्बन्धी ऐन पारित हुने भन्दै सेप्टेम्बर २०२७ सम्म कार्यान्वयन हुने यो परियोजनाबाट उल्लेख्य रूपमा विद्युत् निर्यात गर्न सफल हुने जानकारी दिए ।

मन्त्रालयका सहसचिव मण्डलले आगामी तीन वर्षमा उल्लेख्य प्रगति हासिल भई नेपालले ऊर्जा बचत हुनुका साथै कार्बन उत्सर्जनमा कमी ल्याउन सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे । उनले नेपालको औद्योगिक क्षेत्रमा ऊर्जा दक्षता अभिवृद्धिमा परियोजना सफल हुने बताए ।

नेपालका लागि युरोपियन युनियनका नेपाल प्रतिनिधि सान्तामारियाले कार्यक्रमको मुख्य उद्देश्य नेपालको ऊर्जा अभाव कम गर्ने, हरितगृह ग्यास उत्सर्जन घटाउने र स्थायी ऊर्जा समाधानमार्फत सामाजिक, आर्थिक विकासलाई प्रवर्द्धन गर्ने रहेको बताए । कार्यक्रमका व्यवस्थापक डा फेचरले उर्जा क्षेत्रमा युरोपियन युनियनको सहयोगका बारेमा उल्लेख गर्दै परियोजनाले उद्योग, धन्दामा ऊर्जा दक्षता प्रवर्द्धन गर्ने पहलअन्तर्गत ऊर्जा दक्षता उपायहरू कार्यान्वयन गर्न उद्योग र उद्यमलाई सशर्त अनुदान सहयोग कार्यक्रम सुरू गरिसकेको जानकारी दिए । जर्मन दूतावासका उपप्रमुख साइडलले परियोजनामार्फत क्षेत्रीय बजारमा ऊर्जा खपत र ऊर्जा दक्षता बढाउन प्रभावकारी हुने विश्वास व्यक्त गरे ।

सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।

**सार्वजनिक निकायले:**
- अनिवार्य रूपमा सूचना अधिकारी तोकौं,
- सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
- माग गरिने सूचना सहज रूपमा समयमै उपलब्ध गराऔं ।

**सूचना मागकर्ताले:**
- सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
- सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
- प्राप्त सूचनाको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ